मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मामाघरलाई नगद सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ पूर्व सडक बालबालिकाहरुलाई आश्रय दिँदै आएको मामाघर नेपाललाई नगद सहयोग उपलब्ध भएको छ । हेटौंडा-११ मा रहेको मामाघर नेपाललाई विपि विचार समाज मकवानपुरले सहयोग गरेको हो । ४० औं विपि स्मृति दिवसको अवसरमा विपि विचार समाज मकवानपुरले मामाघरलाई दश हजार १ सय ५ नगद सहयोग गरेको हो । अमेरिकाको मेरिल्याण्ड बस्दै आएका श्रीराम पटेलबाट उक्त रकम प्राप्त भएको थियो ।

बालबालिकाको संरक्षण गर्दै आइरहेको मामाघर नेपाललाई समाजका अध्यक्ष विनोदचन्द्र कोइराला, सल्लाहकार कृष्णप्रसाद दाहाल, उपाध्यक्ष प्रदिप कोइराला, सचिव हरिप्रसाद पौडेल, कोषाध्यक्ष शर्मिला श्रेष्ठ, सहसचिव ताराकुमारी राई, कृष्ण नकर्मीहरुको उपस्थितिमा मामाघर नेपालका यशोदा राईलाई रकम हस्तान्तरण गरिएको छ ।

# बागमतीमा गहिरियो राजनीतिक संकट, एक्लिँदै मुख्यमन्त्री पाण्डे

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ बागमती प्रदेश सरकारको आधा-आधा कार्यकाल नेतृत्व गर्ने पूर्वव्त सहमति कार्यान्वयनमा नआउँदा प्रदेशमा झन राजनीतिक संकट गहिरिँदै गएको छ ।

प्रदेश सरकार परिवर्तनको निर्णय केन्द्रीय गठबन्धनबाटै हुने भन्दै सहमति कार्यान्वयनबाट भागेको नेकपा (एकीकृत समाजवादी)लाई गठबन्धनका अन्य दल नेपाली कांग्रेसले चौतर्फी घेराबन्दीमा पार्दै आएको छ । सहमति कार्यान्वयन नगरेर राजनीतिक संस्कार नदेखाएको आरोप लगाउँदै आएको कांग्रेसले मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेलाई एक्ल्याउने नीति लिएको देखिएको छ ।

पाण्डेविरुद्ध कांग्रेस र माओवादी केन्द्रका सांसदहरुको हस्ताक्षर संकलनदेखि प्रदेशसभा बैठक र सार्वजनिक कार्यक्रममा उपस्थिति नभएर सांकेतिक विरोध गरेको पाइएको छ ।





बिहीवारको प्रदेशसभा बैठकमा कांग्रेस बागमती प्रदेशका सचेतक र एक मन्त्री मात्रै उपस्थित थिए । हेटौंडामै भएका अन्य कांग्रेस सांसदहरु प्रदेशसभा बैठकमा गएका थिएनन् । कांग्रेस सचेतक छिरिङ दोर्जे लामाले सहमति कार्यान्वयन नभएको कारण बैठकमा अनुपस्थित भएर सांकेतिक विरोध जनाएको *साझाकुरा*लाई जानकारी दिए ।

बैठकमा लामा र भौतिक पूर्वाधार विकास मन्त्री कृष्णलाल भँडेल मात्रै सहभागी थिए । प्रदेशसभाको बिहीवार नै भएको दोस्रो बैठकमा स्वास्थ्य मन्त्री निमा लामा पुगेका थिए । उनी पहिलो बैठकमा भने गएनन् । मन्त्री लामाले आफू पहिलो बैठकमा अनुपस्थित भएको र दोस्रो बैठकमा पुगेको बताए ।

सचेतक लामाले सहमति कार्यान्वयन नभएका कारण प्रदेशसभा बैठक बहिष्कार गरेको जनाए । दुई जना मात्रै उपस्थित भएर प्रदेशसभा बैठक बहिष्कार गरिएको हो भन्ने प्रश्नमा लामाले भने, 'बैठकमा म र एकजना मन्त्रीज्यु मात्रै सहभागी भएका हौं । अरु सदस्यहरु आउनु भएको छैन् । सहमति कार्यान्वयन नभएसम्म आउनु हुँदैन होला । हाम्रो अझैपनि सहमति कार्यान्वयन हुनुपर्छ भन्ने माग हो ।,' उनले आधा-आधा कार्यकाल सरकार सञ्चालन गर्ने सहमति पालना नभए आगामी प्रदेशसभा निर्वाचनमा कांग्रेसले असहयोग गर्ने चेतावनी दिए । 'सहमति पालना भए आगामी निर्वाचनमा सहयोग गर्ने वातावरण बन्छ । नत्र, वातावरण राम्रो बन्दैन् ।,' लामाको चेतावनी थियो ।

सहमतिअनुसार बागमती सरकारको नेतृत्व छाड्नु पर्ने अडानमा कांग्रेस छ ।१८ असारमा काठमाडौंस्थित पार्टी केन्द्रीय कार्यालयमा अध्यक्ष माधव नेपालसहितको उपस्थितिमा बसेको एकीकृत समाजवादी बागमती प्रदेशको संसदीय दलको बैठक्ले सरकार नछाड्ने र यसको निर्णय केन्द्रीय गठबन्धनले गर्छ भन्दै प्रदेशमा भएको सहमतिबाट पन्छिएको थियो । त्यसयता बागमतीमा कांग्रेस रुष्ट छ ।

बागमतीमा कांग्रेसले सरकारद्वारा आयोजित कार्यक्रममासमेत बहिष्कार गरेको छ । ३० असारमा हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको पदक वितरण तथा सम्मान समारोहमापनि कांग्रेसका मन्त्रीहरु उपस्थिति थिएनन् । उक्त कार्यक्रममा संस्कृति तथा पर्यटन मन्त्री दिपेन्द्र श्रेष्ठ मात्रै सहभागी थिए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका मन्त्री तथा सांसदहरु पनि थिएनन् । आधा-आधा कार्यकाल सञ्चालन गर्ने सहमतिका साक्षीसमेत रहेका नेकपा माओवादी केन्द्र संसदीय दलका नेता, आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेल कार्यक्रमकै दिन मकवानपुरको विकट राक्सिराङ गाउँपालिकास्थित परेवाभिरको निरीक्षणमा पुगेका थिए ।

उनीसँगै कांग्रेसका भौतिक पूर्वाधार विकास मन्त्री भँडेल, माओवादी केन्द्रका वन तथा वातावरण मन्त्री विशाल खड्का परेवाभिर गएका थिए । सोही दिन माओवादी केन्द्रकी सामाजिक विकास मन्त्री कुमारी मोक्तान थाहा नगरपालिका पुगेकी हुन् । उक्त कार्यक्रममा एकीकृत समाजवादीका मन्त्री, राज्यमन्त्री, सांसद तथा कर्मचारीहरुको मात्रै उपस्थिति थियो । यसले पनि कांग्रेस र नेकपा माओवादी केन्द्रले एकसाथ पाण्डे एक्ल्याउने नीति लिएको देखिन्छ ।

बागमतीमा आन्तरिक सहमतिलाई कार्यान्वयन गरेर जानुपर्नेमा माओवादी केन्द्रका नेता तथा मन्त्री जम्मकट्टेलको स्पष्ट अडान छ । एकीकृत समाजवादी बागमती प्रदेशकी प्रमुख सचेतक मुनु सिग्देलले कांग्रेसबाट बहिष्कार भएको विषयमा आफूलाई थाहा नभएको प्रतिक्रिया दिइन् । कांग्रेसले असन्तुष्टि भने जनाइरहेको भने उनको भनाइ छ ।

बागमती प्रदेशसभामा कुल १ सय ७ जना सांसद छन् । सरकार निर्माण गर्न ५४ जना सांसदसहित बहुमत संख्या हुनुपर्दछ । प्रदेशसभामा माओवादी २३, नेपाली कांग्रेस २२, एकीकृत समाजवादी १३ र जसपाको एकसहित ५९ सांसद छन् ।

प्रमुख प्रतिपक्षी एमालेसँग ४१, विवेकशील दलसँग ३, राप्रपा र नेमकिपाका २-२ सांसद छन् । कांग्रेस र माओवादीका सांसदले हस्ताक्षर संकलन गरेपछि मुख्यमन्त्री पाण्डेले प्रमुख प्रतिपक्षी दल एमालेसँग सरकारको विषयमा छलफल गरेपछि कांग्रेस ब्याक भएको चर्चा छ ।

एमाले र एकीकृत समाजवादी मिले सरकार बनाउन ठिक बहुमत पुग्छ । तर, यी दुई पार्टीको समिकरणमा सरकार बन्ने सम्भावना न्यून छ ।

## युनियन महाधिवेशनः आज देउवा आउँदै, उपाध्यक्षमा मकवानपुरबाट दुई आकांक्षी

साझाकुरा संवाददाता



हेटौंडा ५ साउन/ हेटौंडामा हुने नेपाल प्रेस युनियनको नवौं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्न प्रधानमन्त्री शेरबहादुर देउवा आज हेटौंडा आउने भएका छन् ।

देउवाले करिब ८ बर्षपछि हुन लागेको महाधिवेशनलाई सम्बोधन गर्नेछन् । महाधिवेशनका लागि कांग्रेसका अन्य नेताहरुपनि हेटौंडा आउने जनाइएको छ । ७ साउनमा युनियनको नयाँ नेतृत्वका लागि मतदान हुने जनाइएको छ । आज शुक्रबार उद्घाटन समारोह सकिने बित्तिकै निर्वाचनका कार्यक्रम अगाडि बढ्ने भएको हो । महाधिवेशनको आतिथ्यता जिल्ला प्रेस युनियन मकवानपुरले सम्पूर्ण तयारी सकेको जनाइएको छ ।

महाधिवेशन सञ्चालनका लागि आवश्यक सभागृह तथा सहभागी प्रतिनिधिहरुलाई होटलहरुको व्यवस्थापनलगायत अन्य व्यवस्थापन मिलाइसकिएको महाधिवेशन आयोजक स्थानीय समितिका अध्यक्ष कुमार अधिकारीले जानकारी दिए ।

महाधिवेशनमा नेपाल प्रेस युनियनका ७७ वटै जिल्ला शाखा, उपशाखा, काठमाडौं उपत्यका समिति, विभिन्न प्रतिष्ठानबाट र सात वटै प्रदेश समितिका प्रतिनिधि र पर्यवेक्षक गरी एक हजार ६५० जना सञ्चारकर्मीको सहभागिता रहने नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य गिरिजाप्रसाद अधिकारीले बताए । महाधिवेशनमा सहभागी हुन आएका प्रतिनिधिलाई हेटौंडाका अतिरिक्त चितवनको सौराहा र बाराको अम्लेखगञ्जका होटलमा राख्ने प्रबन्ध र आवतजावतको लागि यातायातको सुविधा उपलब्ध गराइएको महाधिवेशन आयोजक आवास समितिका संयोजक रुपेश दुलालले जानकारी दिए ।

प्रधानमन्त्री देउवाको आगमनका कारण जिल्लामा प्रहरीले सुरक्षा प्रबन्ध मिलाएको छ । सुरक्षा निकायले आवश्यक तयारी पूरा गरिसकेको र स्थानीय बजारमा यातायात सञ्चालनको लागि वैकल्पिक मार्गको व्यवस्थापन मिलाइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले साझाकुरालाई जानकारी दिएका छन् ।

***उपाध्यक्षमा दुई जना आकांक्षी***

युनियनको महाधिवेशनमा मकवानपुरका चार जना आकांक्षी देखिएका छन् । जसमध्ये दुई जना उपाध्यक्षका आकांक्षी छन् । खुल्ला उपाध्यक्षमा राममणि दाहाद आकांक्षी हुन् । उनी गोरखापत्र दैनिकको बागमती प्रदेश संयोजक हुन् । यसैगरी, भूगोलतर्फ बागमतीबाट उपाध्यक्षमा गिरिजा अधिकारीको दावी छ । नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वउपाध्यक्षसमेत रहेका अधिकारी तु खबर डटकमका सम्पादक/अध्यक्ष हुन् ।

दाहाल अध्यक्ष पदका उम्मेदवार आकांक्षी शिव लम्साल प्यानलका हुन् । अधिकारी संस्थापन पक्ष मानिएको अध्यक्ष पदको उम्मेदवार आकांक्षी अनिता बिन्दु प्यानलका हुन् । यसैगरी, मकवानपुरबाट केन्द्रीय सदस्य पदमा दुई जनाले दाबी गरेका छन् । माधव न्यौपाने र राजन दाहालले केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

## बसामाडी जेसीजको सप्ताहव्यापी कार्यक्रम

साझाकुरा संवाददाता




हेटौंडा, ५ साउन/ सामाजिक क्षेत्रमा विगत लामो समयदेखि क्रियाशिल बसामाडी जेसीजले जेसीज सप्ताह वर्ष-२०२२ मनाउने भएको छ ।

जेसीजले ८ साउनदेखि १४ गतेसम्म सप्ताहव्यापी कार्यक्रम गर्ने भएको बिहीवार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । जेसीजका अध्यक्ष चिराग अग्रवालले ८ साउनमा रमेश शर्माको संयोजकत्वमा सप्ताहव्यापी कार्यक्रम उद्घाटन तथा वनस्खण्डी मन्दिरमा सहयोग कार्यक्रम रहेको जानकारी दिए । निरज अर्यालको संयोजकत्वमा ९ साउनमा हाम्रो घर बालगृहमा जेसीजको सहयोगी हात कार्यक्रम हुनेछ । १० साउनमा ध्रुव गौतमको संयोजकत्वमा अन्तर जेसीज फुटसल खेल हुने अग्रवालले बताए । ११ साउनमा प्रमेश्वर पौडेलको संयोजकत्वमा आशा स्कुलमा जेसीज युवा कार्यक्रम आयोजना हुने जनाइएको छ । अनिल बस्यालले संयोजन गर्ने बालबालिकासँग जेसीज युवा, भिमफेदी कार्यक्रम १२ साउनमा हुनेछ । बसामाडी जेसीजले भिमफेदीमा रहेको बालगृहमा हरेक वर्ष सहयोग गर्दै आइरहेको छ । विप्लव लम्सालको संयोजकत्वमा १३ साउनमा लागूऔषध दुर्व्यसन कार्यक्रम तथा होर्डिङ बोर्ड स्थापना गरिने भएको छ । १४ साउनमा समापन तथा पुरस्कार वितरण कार्यक्रम रहेको मुल कार्यक्रम संयोजक सुरज डंगोलले जानकारी दिए ।

# विद्यार्थीले पैसा उठाएर फेरे फुटेको सिसा र गमला



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थीले झ्यालको सिसा र फूलको गमला फुटाएपछि हेटौंडा क्याम्पसका विद्यार्थीहरुले पैसा उठाएर फेरेका छन् ।

हेटौंडा क्याम्पसमा मंगलबार स्नातक तह दोश्रो वर्षको परीक्षा दिन आएका ४ छात्रामाथि कार्यालय सहयोगीबाट दुर्व्यवहार भएको आक्रोशमा विद्यार्थीहरुले बुधवार बिहान प्रदर्शनको क्रममा सिसा र गमला फुटाएका थिए ।

क्याम्पसको पूर्वतर्फ रहेको भवनको सिसा ढुंगा प्रहारबाट फुटेको थियो । हेटौंडा क्याम्पसमा परीक्षाका क्रममा चिट ल्याएको भन्दै दुई जना महिला कार्यालय सहयोगीहरुले ३ जना छात्राको पाइन्ट र १ जना छात्राको भित्री वस्त्रसमेत खोल्न लगाएको आरोप पीडितहरुले लगाएका थिए ।

उनीहरुलाई बुधवार नै क्याम्पस प्रशासनले निलम्बन गरेर घटनाको सत्यतथ्य पत्ता लगाउन छानबिन समिति बनाइएको छ ।

क्याम्पसले पीडितहरुसँग सहमति गर्दा विद्यार्थीहरुले मिलापत्र गर्न खोजिएको भन्दै ढुंगाले भवनमा प्रहार गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । तोडफोडबाट क्षति पुगेको १४ वटा सिसा र ४ वटा झ्यालको यूपिभिसी प्यानल हेटौंडा क्याम्पसका विद्यार्थीहरुले १ सयदेखि २ सय रुपैयाँसम्म संकलन गरेर बिहीवार जडान गरिएको स्नातक तह चौथो वर्षमा अध्ययनरत् राजिव फुयाँलले बताए । स्नातक तह चौथो वर्षको समूहले क्याम्पसमा तोडिएको सिसा जडान गरिएको छ । फुयाँलले आफ्नै ६ हजार रुपैयाँ खर्चमा २३ वटा फूलसहित गमलापनि राखेको बताए ।

अर्को क्याम्पसका विद्यार्थीहरुले सिसा र गमला फुटाएपनि हाम्रो मन्दिर हामीले बनाउनु पर्छ भनेर सबैसँग पैसा उठाएर टुटेका सिसा र गमला आज जडान गरेका हौं ।,' फुयाँलले भने । अनेरास्ववियु हेटौंडा क्याम्पस कमिटी अध्यक्ष अभि मैनालीले शैक्षिक संस्था तोडफोड गर्नु निन्दनीय कार्य भएको बताए । उनले विद्यार्थीहरुको सहयोगबाट क्याम्पसलाई पूववत् अवस्थामै ल्याइएको बताए ।

## प्रदेशसभामा दुई विधेयक पेस



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन (रासस)/बागमती प्रदेशसभा बैठकमा प्रदेश र स्थानीय तहका कर्मचारीलाई व्यवस्थापन गर्न बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक पेस गरिएको छ ।

बिहीबारको प्रदेशसभा बैठकमा मुख्यमन्त्री राजेन्द्र पाण्डेले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस गरेका हुन् । बैठकमा अन्य दुई ऐनलाई संशोधन गर्न बनेको विधेयक पनि पेस गरिएको छ । प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले विभूषण सिफारिस तथा सम्मान र पदकसम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेस गरे । त्यस्तै प्रदेश प्रदेशका युवा तथा खेलकुदमन्त्री रत्नप्रसाद ढकालले युवा परिषद् ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेस गरे ।

**कर्मचारी आवश्यकता** T.V.S **शोरूम**

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**Accountant:** 1
**Store keeper:** 1



**सम्पर्क फोन:**
०५७-५९०४४६, ९८४५४५७०५१
सितल महलचोक-४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**




- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

### प्रेस युनियनको नवौं महाधिवेशन

## श्रमजीविको हक सुरक्षित होस्

प्रजातान्त्रिक पत्रकारहरूको भेलाले २०४८ साल जेठ १३ गतेका दिन पेशागत प्रत्याभूति, एकताबद्ध रही संगठितरूपमा अगाडि बढ्ने दृढ प्रतिबद्धता गर्दै नेपाल प्रेस युनियनको स्थापना भएको हो । श्रमजीवि पत्रकारहरूको हकहित संरक्षण पनि ट्रेड युनियन आन्दोलनले नै गर्न सक्छ भन्ने हेतुले २०४८ साल जेठ १३ गते तत्कालीन प्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोइरालाका प्रेस सल्लाहकार जयप्रकाशप्रसाद गुप्ताको संयोजकत्वमा ९ सदस्यीय तदर्थ समिति गठन गरी नेपाल प्रेस युनियनको जन्म भएको हो । यो संगठन यतिखेर पेशागतरूपमा स्थापित हुँदै आएको छ । नेपालका सञ्चारकर्मीहरूलाई संगठित बनाई श्रमजीवीका पक्षमा वकालत गर्दै आएको नेपाल प्रेस युनियन अन्तर्राष्ट्रिय पत्रकार महासंघको नेपालबाट सदस्यता प्राप्त गर्ने पहिलो संस्था हो ।

युनियनको स्थापनाकालमा जम्मा १७ जना सदस्यहरु थिए । जसमा जयप्रकाशप्रसाद गुप्ता, हरि अधिकारी, रमेश तुफान, राजेश ढुंगाना, श्रीसबल्लभ प्रधान, शोभाकर पराजुली, जगदीश घिमिरे, कन्हैयालाल केशरी, राजेश्वर नेपाली, हरिहरप्रसाद श्रेष्ठ, गणेशप्रसाद नेपाल, तारानाथ दाहाल, कृष्ण कँडेल, योगेश उपाध्याय, यादव थपलिया, रामचन्द्र उप्रेती र गणेशबल्लभ प्रधान रहेका थिए । उक्त तदर्थ समितिले २०४८ साल फागुन १५, १६ गते ललितपुरमा प्रथम महाधिवेशन सम्पन्न गरी युनियनको विधान २०४८ सहित हरि अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो । २०५१ सालमा पाल्पाको तानसेनमा दोस्रो, पर्साको वीरगञ्जमा २०५३ सालमा तेस्रो, दाङको घोराहीमा २०५५ सालमा चौथो, सिराहाको लाहानमा २०६० सालमा पाँचौं, कास्कीको पोखरामा २०६४ सालमा छैठौं, सुनसरीको इटहरीमा २०६७ सालमा सातौं तथा २०७१ साल भदौमा कास्कीको पोखरामा आठौं महाधिवेशन सम्पन्न गरेको युनियनले मकवानपुरको हेटौंडामा आजदेखि नवौं महाधिवेशन गर्दैछ ।

पत्रकारहरुको पेशागत अग्रणी संस्था भएको नाताले नेपाल प्रेस युनियनले यो महाधिवेशनबाट गर्ने निर्णय र घोषणाले नेपालको समग्र मिडिया जगत प्रभावित हुने पक्का छ । पत्रकारितामा पछिल्लो समय आकर्षण धेरै छ । पत्रकारहरुको संख्यात्मक बृद्धि धेरै भइरहेको छ । राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजनसंगै अनलाइन पत्रिका र टेलिभिजन पनि त्यत्तिकै खुलिरहेका छन् । यूटुब च्यानलका समस्याहरु पनि धेरै देखिएको छ । यसको व्यवस्थापनमा चुनौती पनि थपिएको छ । जनताको सूचना पाउने हकका दृष्टिले मिडियामा सहज पहुँच हुनु सुखद् पक्ष भएपनि त्यसबाट हुने विकृतिहरुलाई जरैदेखि उखेल्न सक्नुपर्दछ । त्योसंगै पेशागत हकहित रक्षा गर्ने निर्णय गर्न यो महाधिवेशन सफल होस् । युनियनको महाधिवेशन सफलताको शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ७ गते शनिबार २३ जुलाई २०२२ । श्रावण कृष्णपक्ष दशमी । दिल्लागा ११४२ । सूर्योदय: ५:२२, सूर्यास्त: ६:५७ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अहंकारको भावले काम बिगार्नेछ | तुला | : मन प्रसन्न रहनेछ |
| वृष | : धार्मिक कार्यको अवसर मिल्नेछ | वृश्चिक | : विरोधी परास्त हुनेछन् |
| मिथुन | : सभा-समारोहमा अवसर मिल्नेछ | धनु | : व्यापारमा लाभ हुनसक्नेछ |
| कर्कट | : आत्मविश्वासमा कमी आउनेछ | मकर | : काममा सफलता मिल्नेछ |
| सिंह | : व्यापारमा हानि हुन सक्नेछ | कुम्भ | : अधुरा कामहरु पूरा हुनेछ |
| कन्या | : समाजमा सराहना हुनेछ | मीन | : स्वास्थ्यको समस्या आउनेछ |

# न्यायिक महाभियोगका अभ्यास



तेजबहादुर के.सी

न्यायिक महाभियोग सरकारकै राजनीतिक वृत्तले लगाउने एउटा प्रक्रिया हो, जसबाट सामान्यत: न्यायाधीशलाई आफ्नो पदबाट हटाउँछ । महाभियोगको अधिकार मुख्य रूपमा राजनीतिज्ञहरूको हातमा रहेको हुन्छ । मुख्यत: कुनै एक समयमा न्यायाधीशले कुनै राजनीतिक सिद्धान्तको पक्ष लियो भनेर राजनीतिक सिद्धान्तको आधारमा मात्र महाभियोग लगाउने गरिएको थियो । पछि न्यायाधीशलाई महाभियोग लगाएर हटाउने कार्य केही सीमित आधारमा र यदाकदा मात्र गर्ने गरियो । न्यायिक महाभियोग लगाउने मुख्य आधार गम्भीर प्रकृतिको नैतिक र फौजदारी दुराचारहरू जस्तै पूर्वाग्रह राख्नु, जालसाजी गर्नु र स्वार्थको द्वन्द्व हुनुमा मात्र सीमित रहन थाले । अमेरिकाको संविधानमा महाभियोग लगाउने दुई तहको व्यवस्था गरेको छ । तल्लो प्रतिनिधिसभाले सामान्य बहुमतको आधारमा महाभियोग लगाउने अधिकार राख्दछ र माथिल्लो सदन सिनेटले न्यायाधीशलाई महाभियोगबाट हटाउने कार्य ठिक बेठिक के छ ? भनी जाँचबुझ गरेर निर्धारण गर्दछ र त्यस्तो प्रस्ताव दुई तिहाइ बहुमतबाट पारित हुनुपर्छ ।

धेरै राज्यमा संघीय प्रणालीको जस्तै महाभियोगको प्रक्रिया छ तर कुनै कुनै न्यूयोर्क र नेब्रास्का समेतका राज्यमा महाभियोगको सम्बन्धमा पदाधिकारी वा न्यायाधीशहरू रहेको अदालतबाट परीक्षण गरेपछि कारबाही भई सदनमा मतको प्रक्रियामा प्रवेश गर्दछ । अन्य केही राज्यमा न्यायाधीशलाई दोषी ठहर गर्न र महाभियोग लगाउने आवश्यक संख्याको मत आवश्यक पर्ने हुन्छ । न्यायिक महाभियोग पनि कहिलेकाहीं मात्र लगाउने र पदबाट हटाउने कार्य पनि बहुतै कम हुने गर्छ । अमेरिकामा सन् १८०३ देखि संघीय न्यायाधीशको हकमा प्रतिनिधिसभाले १५ न्यायाधीशलाई महाभियोग लगाएको छ । औसत रूपमा १४ वर्षमा एउटा महाभियोग लाग्ने गरेको छ । अमेरिकाका राज्यहरूमा विधायकहरूले विगत केही वर्षहरूमा असफल हुने तरिकाले महाभियोगको प्रस्ताव ल्याएको धेरै उदाहरण छन् । तीन राज्यका विधायकहरूले बहालवाला न्यायाधीशलाई न्यायिक महाभियोग लगाउने कि नलगाउने भनेर अनुसन्धान गर्नुपर्ने भन्ने प्रावधानको विधेयक ल्याए ।

न्यू-फयाम्शायर राज्यमा न्यायाधीश जैकल्यान कोलवर्नले (२०१५) मत पत्रका सामग्री छपाउन पैसा खर्च गर्ने सम्बन्धमा न्यायाधीशले दिएको निर्देशनले आफ्नो अधिकार क्षेत्र नाघेको भनेर महाभियोगको प्रस्ताव ल्याइयो । पेन्सिलभेनियामा (२०१६) न्यायाधीश किले बलेन्टाइनलाई उनले गाडीको पार्किङ टिकट र त्यसको कर फिर्ता लिने कार्यमा असफल रहेको बारेमा अनुसन्धान गरेर हटाउने महाभियोगको प्रस्ताव ल्यायो । वेष्ट भर्जिनियामा (२०१८) सर्वोच्च अदालतका न्यायाधीश एलेन लोन्ग्रेलाई अफिसबाट सुविधाहरू बढी लिएर खर्च गरेको र राज्यको सम्पत्तिलाई गलत तरिकाले प्रयोग गरेको सम्बन्धमा अनुसन्धान गरियो । केही जिल्ला न्यायाधीशहरूलाई सन् २०१० र २०१९ मा यौन क्रिया, अफिसको काम कारबाहीहरूमा बाधाअड्चन गरेको, झूटो अभिव्यक्ति बनाएको र घुस लिएको भन्ने अभियोगमा हाउसले महाभियोग लगायो ।

न्यायाधीश केन्टले सिनेटले जाँचबुझ अघि राजिनामा दिए र न्यायाधीश पोर्टिमसलाई सिनेटले दोषी ठहऱ्यायो । अमेरिकाको न्यायिक इतिहासमा १५ वटा संघीय न्यायिक महाभियोग लगाइँदा समान प्रकृतिका झूटा अभिव्यक्ति बनाएको, मुद्दाको कारबाहीमा पक्षपात गरेको, नशालु पदार्थ खाएर इजलासमा बस्ने गरेको र अवहेलनाको अधिकारको दुरुपयोग गरेको जस्ता आरोपहरू लगाएको देखिन्छ । अमेरिकाका राज्यले पनि महाभियोग लगाउने कसूरका आधारलाई बदलिइरहन्छन् । पछिल्लो समयमा सामान्य कारणहरूलाई संकुचन गरेर गम्भीर किसिमका 'नैतिकता विरुद्ध र फौजदारी उल्लंघनका घटनाहरूमा' मात्र लगाइएका महाभियोग सफल भएका छन् । अमेरिकाको राज्यहरूमा न्यायिक महाभियोग कमै मात्रामा लाग्ने गर्दछ ।

अमेरिकन जुडिकेचर सोसाइटी, नेशनल सेन्टर फर स्टेट कोर्टस् र न्यूज अनि आलेखमा प्रकाशित विवरण अनुसार २५ वर्षमा जम्मा दुई न्यायाधीशलाई मात्र महाभियोग लगाएर हटाइयो । उदाहरणको लागि सन् १९९४ मा पेन्सलभेनिया राज्यका न्यायाधीश रोल्फ लार्सेनलाई चिकित्सकलाई लागूऔषधको झूटा पुर्जा बनाउन भनेको र कानुन व्यवसायी र तल्लो अदालतका न्यायाधीशसँग विचाराधीन मुद्दाको बारेमा अनुचित तरिकाले संवाद गरेको र शपथ विपरीत झूटो व्यवहार गरेको भनेर लगाएको महाभियोगलाई सिनेटले ठहर गऱ्यो । उता न्यू फयाम्पशायर राज्यको सर्वोच्च अदालतको न्यायाधीश डेभिड ब्रोकलाई अनुचित किसिमले संचार व्यवहार गरेको र शपथविरुद्ध झूटो बोलेको भन्ने कसूरमा लगाइएको महाभियोग भने सिनेटबाट स्वीकृत भएन ।

विगतका प्रारम्भिक कालमा सामान्य आधार र न्यायाधीशले गरेको फैसलामा चित्त नबुझे पनि न्यायिक महाभियोग लगाउने प्रचलन रहेको थियो । यसमा विधायक, न्यायपालिका र न्यायिक एवं कानुनी बुद्धिजीवीहरू बीच गम्भीर द्वन्द्व एवं मतभेदहरू भए ! फलस्वरूप न्यायाधीशहरूलाई राजनीतिक सिद्धान्तको आधारमा मुद्दा फैसला गरेको भन्ने आरोपमा महाभियोग लगाउन नपाइने भन्ने सिद्धान्त बस्न गयो । अनि इतिहासको प्रयोगले न्यायिक निर्णयहरू न्यायाधीश विरुद्ध महाभियोग लगाउने आधार बन्न सक्दैनन्, यसमा एकदम कडाइ गर्नुपर्दछ भनियो ।

न्यायमूर्ति विलियम रेहनक्वीष्टले आफ्नो पुस्तकमा महाभियोग लगाएका घटनाहरूलाई समीक्षा गर्दै इतिहासको सुरुमा लगाएका महाभियोगका घटनाहरूले न्यायिक कार्य र बेञ्चबाट भएका निर्णयमा दोषी ठहर गरेर महाभियोग लगाएर पदबाट हटाउने आधार हुन सक्तैन भन्ने तथ्यलाई स्थापित गरेको छ । उनले सन् १८०४ मा न्यायाधीश सम्यूल चासेलाई सर्वोच्च अदालतको न्यायाधीश पदबाट महाभियोग लगाएर हटाउन प्रयास गरिएको कार्यले न्यायपालिकाको स्वतन्त्रतालाई एक प्रकारले संरक्षण गर्नमा महत्वपूर्ण रूपले सघाउ पुग्न गएको छ भन्ने निचोड निकाले । उक्त घटनामा न्यायाधीश चासे राष्ट्रपति जेफरसनबाट बाल्टिमोर ग्रेन्ड जुरीको गठन गर्ने नीतिका आलोचक थिए । उनले न्यायिक पुनरावलोकनको अधिकारलाई बढी नै दुरुपयोग गरे भन्ने आरोप पनि थियो । यसै आधारमा राष्ट्रपति जेफरसनले न्यायाधीश चासेलाई उनको राजनीतिक सिद्धान्त, उनले गरेको उक्त आलोचना र उनको भनाइले कसैप्रति प्रभाव पार्ने, न्यायपालिकालाई विखण्डन गर्ने र मुद्दाको सुनुवाइमा दुराचार गरेको आरोपमा लगाएको न्यायिक महाभियोग जेफरसनको दलको उच्च बहुमत रहे पनि सिनेटले पारित गरेन ।

यो महाभियोग असफल भएको परिणामले न्यायिक र बेञ्चको कार्य न्यायाधीशलाई महाभियोग लगाउने आधार बन्न सक्दैन भनी महाभियोगको दायरालाई निर्धारण गर्ने प्रयास गर्यो । यो मापदण्डले राज्यका तीन अंग बीच सावधानीपूर्वक सन्तुलनमा रहन मद्दत गर्नुको साथै न्यायाधीशले पनि राजनीतिक दबावबाट अपहेलित भएर मुद्दाको निर्णय गर्नु नपर्ने र यसबाट न्यायाधीशको सुरक्षा र स्वतन्त्रतालाई कायम राख्नुमा महत्वपूर्ण सहयोग हुन गयो । यसबाट न्यायाधीशलाई कानुनले जे आवश्यक देखिन्छ त्यस अनुसार समझदारी बनाएर र विवेक प्रयोग गरेर न्याय प्रदान गर्नमा आत्मबल बढायो भने शक्तिशाली राजनीतिक व्यक्तिहरू आफ्नो फैसलाबाट असन्तुष्ट भए पनि पदबाट हटाउँछन् कि भनेर चिन्ता गरिरहन परेन ।

न्यायाधीश चासेको 'महाभियोग मुद्दामा' ऐतिहासिक समझदारी भए पनि न्यायाधीशको विगतको राजनीतिक आस्थाको आधारमा महाभियोग लगाउने प्रयासहरू भई नै रहे । सन् १९९६ को राष्ट्रपतिको चुनावका उम्मेदवार राष्ट्रपति क्लिन्टन र सिनेटर डोलले चुनावी प्रचारको अभियानको क्रममा लागूऔषध ओसारपसार गर्ने विरुद्धको प्रमाणलाई अस्वीकार गरेको भनेर जिल्ला न्यायाधीशलाई हटाउनमा सहमति व्यक्त गरेका थिए । यसै घटनालाई लिएर अपील कोर्टका चार न्यायाधीशले एक संयुक्त वक्तव्य जारी गर्दै 'फैसलामा राजनीतिक वा निर्वाचित व्यक्ति असन्तुष्ट भए पनि यसै आधारमा न्यायाधीशलाई पदबाट हटाउने र महाभियोग लगाउने बारे संविधानको व्यवस्था छैन ।

यस्तो आक्रमणले न्यायपालिकाको स्वतन्त्रताको सिद्धान्तलाई असहयोग गर्दछ र संवैधानिक प्रजातन्त्रमा न्यायाधीशको भूमिका बारे सर्वसाधारणलाई दिग्भ्रमित समेत बनाउँछ' भनेका थिए । सन् २०११ मा 'गेभल टु गेभल' नामक 'वेबसाइट' मा राष्ट्रिय केन्द्रबाट राज्यका अदालतहरूमा गरिएको एक सर्वेक्षणमा न्यायाधीशको फैसलाबाट असन्तुष्ट राज्य तहका राजनीतिक र विधायकहरूले धेरै महाभियोग प्रस्ताव पेश गरेको भनी उल्लेख गरिएको छ । यीमध्ये आयोवा राज्यमा समान लिङ्ग बीच विवाह गर्ने अधिकार पाउनुपर्छ भनी दिइएको एउटा उच्च घरानाको मुद्दामा भएको फैसलामा असहमति जनाएर राज्यका सर्वोच्च अदालतका चार न्यायाधीश विरुद्ध ल्याएको महाभियोगको प्रस्ताव पनि असफल भएको थियो । यो महाभियोगको प्रस्तावमा गरिएको प्रयास बारे मिडियाको ध्यान गएपछि बृहत् मात्रामा आलोचनाहरू भयो ।

महाभियोग लगाउने राजनीतिक दल भित्रबाट नै उक्त समाचार संप्रेषण गर्नमा सहयोग गर्दै 'फैसलाप्रति असहमति हुनु महाभियोगको आधार हुन सक्तैन' भन्ने आधारमा समर्थन जनाएका थिए । आयोवा राज्यका निर्वाचित गभर्नर टेरी ब्रान्ड स्टेडले पनि यस्तोमा महाभियोग लगाउन हुन्न भनी असहमति जनाउँदै 'कस्तोमा महाभियोग लाग्छ भनी संविधानमा स्पष्ट छ' भनेका थिए । सन् २०१८ मा नै पेन्सिलभेनिया राज्यको चुनावमा कुनै एउटा पार्टी वा नेतालाई फाइदा हुने गरेर कुनै निर्वाचन क्षेत्रको भौगोलिक आकार र सीमालाई फेरबदल गर्ने सम्बन्धमा संविधानले नै निषेध गरेको हुँदा त्यस्तो कार्यलाई बदर गर्ने राज्यको सर्वोच्च अदालतको चार न्यायाधीश विरुद्ध १२ विधायकले हाउसमा महाभियोगको प्रस्ताव ल्याएका थिए ।

यसरी कुनै दल, सिद्धान्त र नेतालाई समर्थन गरेको भन्ने आधारमा अदालतले दिएको निर्णय विरुद्धमा न्यायाधीशलाई महाभियोग लगाएर धम्क्याउने गरिएको घटना भने पहिलो थिएन । यसै सन्दर्भमा राष्ट्रपति जर्ज बुशबाट नियुक्त गरिएका अपील कोर्टका न्यायाधीश टिमोथी के. लेविसले वितेका त्यस्ता गतिविधिबारे उल्लेख गर्दै 'मन नपरेका फैसला जारी गर्ने न्यायाधीशलाई धम्क्याउनु उचित र संवैधानिक दायराभित्रको आचरण र कार्य होइन' भनेका थिए । अमेरिकाको संविधानले संघीय न्यायालयले कस्तो कसूर, गल्ती र अपराध गरेमा त्यो महाभियोगको आधार बन्न सक्छ भनी सामान्य रूपमा निर्देश गरेको छ । जस अनुसार अन्य उच्च सरकारी अधिकारीलाई झैं न्यायाधीशलाई पनि 'राज्य द्रोह', 'घुस लिए खाएको' अथवा अन्य 'उच्च नैतिकताविरुद्धको अपराध र दुष्कर्मको कसूर' महाभियोगको उचित आधार बन्न सक्दछ । उक्त 'कसूरहरू प्रमाणित नभए सम्म' र 'न्यायाधीशहरू राम्रो आचरण भएसम्म आफ्नो पदमा रहिरहन्छन् भन्ने संवैधानिक व्यवस्था रहेको छ । भारतमा सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशहरूलाई महाभियोग लगाइएको छ, तर ती प्रक्रियामा गएर पारित हुनसकेका छैनन् । अमेरिकामा पनि संघीय सर्वोच्च अदालतको न्यायाधीश उपर महाभियोग पारित हुनसकेको छैन, राज्य तहको सर्वोच्च अदालतको एउटा न्यायाधीश विरुद्ध महाभियोगको प्रस्ताव पारित भएको पाइन्छ । भारत र अमेरिका दुवै ठूला प्रजातान्त्रिक मुलुक हुन्, दुवै देशमा महाभियोगलाई राजनीतिक प्रक्रिया मान्ने गरिन्छ ।

मुख्यत: दुवै मुलुकमा 'खराब आचरण र राजनीतिक आस्था' भएकै आधारमा महाभियोग लगाउने आधार हुन सक्दैन भन्ने मान्यता स्थापित भइसकेको छ । भारतमा सामान्यत: 'न्यायिक आचरणको उल्लंघन' र 'खराब आचरण प्रमाणित' भएकै आधारमा न्यायिक महाभियोगको प्रस्ताव सफल भएको छैन । अमेरिकी र भारतीय अनुभवले महाभियोगको कार्य प्रायश: असम्भव नै रहेको छ । भारत र अमेरिका दुवै देशमा महाभियोगको पक्षमा लगाइएका आरोपहरूको प्रारम्भिक जाँचबुझ र निष्कर्ष विना कुनै पनि प्रक्रिया अगाडि बढ्दैन ।

भारतका सर्वोच्च अदालतका न्यायाधीश वी. रामास्वामी विरुद्धको महाभियोग प्रक्रियागत रूपमा उदाहरणीय छ । उनीलाई पंजाव र हरियाणामा मुख्य न्यायाधीश हुँदा निवासको सामानमा विलासिता देखियो र आर्थिक अपचलन पनि गऱ्यो भन्ने अभियोगमा सन् १९९० मा महाभियोगको प्रस्ताव लोक सभामा ल्याइयो । त्यस बारेमा उच्च अदालतको लेखा परीक्षण सेल, जिल्ला र सेसन न्यायाधीशको प्रतिवेदन पेश भयो । यो बाहेक एकाउन्टेन्ट जनरल अफिसबाट पनि बेग्लै प्रतिवेदन पेश भयो । यी प्रतिवेदनहरू तत्कालीन महान्यायाधिवक्ता शोली-सराबजी, सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष र बारका अन्य पदाधिकारीलाई दिएर प्रधानन्यायाधीशलाई पनि जानकारी गराइयो ।

त्यति बेलाका प्रधानन्यायाधीश एस. मुखर्जीले प्रतिवेदनको जानकारी पाएपछि- 'यो एउटा अप्रत्यासित, कहिल्यै नघटेको र आश्चर्य पार्ने खालको अवस्था हो । यसले न्यायिक कार्यमा सावधानी अपनाउन र विधिसम्मत ढंगले परम्परा बसाल्नको लागि अवसर पनि प्रदान गरेको छ । यस अवस्थामा सर्वोच्च अदालतले कानुनको शासनलाई पालन गर्नुपर्छ, कानुनको शासनमा नै रहनु र प्रतिबद्ध हुनुपर्दछ । यस कारणले न्यायाधीशको आचरण पनि जनताको विश्वासलाई आघात पार्ने खालको हुनुहुँदैन । न्यायाधीश पनि कानुनमा नै बस्छन् र कानुन अनुसार नै हिंड्छन् भनी विश्वास दिलाउन जरूरी छ ! भनेका थिए । यस सिलसिलामा प्रधानन्यायाधीश मुखर्जीले न्यायाधीश रामास्वामीलाई यस परिस्थितिमा अनुसन्धानको प्रतिवेदन नआएसम्म आफूलाई कामबाट अलग राख्न आग्रह गरे र उनले कानुन मन्त्री, महान्यायाधिवक्ता र बारको अध्यक्षलाई यस बारेमा आफूले हेर्ने र त्यसको निष्कर्षको जानकारी पनि गराउने भनी स्पष्ट पारे ।

आरोपित न्यायाधीश रामास्वामी विदामा बसे । १९ अगस्त, १९९० मा प्रधानन्यायाधीशले न्यायाधीश रामास्वामी इजलासमा बस्न हुने नहुने बारे प्रतिवेदन दिन न्यायाधीश रे, सेट्टी र वेंकटाचालिई सहितको तीन सदस्यीय समिति गठन गरे । तर २५ सेप्टेम्बर, १९९० मा प्रधानन्यायाधीश मुखर्जीको मृत्यु भयो । ६ अक्टुवर, १९९० मा रंगनाथ मिश्र प्रधानन्यायाधीश भए । तीन सदस्यीय कमिटीले ६ नोभेम्बर, १९९० मा न्यायाधीश रामास्वामी इजलासमा बस्न नमिल्ने कुनै कारण देखिएन भनी प्रतिवेदन दिए । यता लोकसभा अध्यक्षले महाभियोगको प्रस्तावको सन्दर्भमा सर्वोच्च अदालतका न्यायाधीश पी.बी.सावन्त, बम्बई उच्च अदालतका न्यायाधीश पी.डी. देसाई र सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश ओ. चिनप्पा रेड्डी भएको तीन सदस्यीय समिति गठन गरे । संसदको विघटन वा अवधि समाप्त भएर प्रधानन्यायाधीशको उमेर पनि बाँकी रहे निज उपरको निलम्वन स्वत: शून्यमा परिणत हुन्छ । प्रधानन्यायाधीश आफ्नो पदमा विधिवत् रूपले कार्यरत हुने अवस्था स्थापित हुन्छ ।

तर वरिष्ठ न्यायाधीशहरू र बारले विगतमा प्रधानन्यायाधीशविरुद्ध अवज्ञा र आन्दोलन गरेको हुँदा सर्वोच्चमा उनको पुनरागमन सहज हुने नहुने अवस्थाको आकलन गर्न कठीन छ । यसले न्यायाधीशबाट 'कु-आचरण र दुर्व्यवहार' भयो भनी प्रतिकूलको प्रतिवेदन दियो । प्रस्ताव मतदानमा गयो । कांग्रेस पार्टी मतदानमा अनुपस्थित रह्यो । महाभियोगको प्रस्तावको पक्षमा १८६ र विपक्षमा कोही पनि भएनन्, २०५ जना अनुपस्थित रहे । प्रधानन्यायाधीश मुखर्जी, न्यायाधीश रामास्वामीको महाभियोगको विवादमा अदालतमा दिएको प्रतिक्रियाले एउटा नजिर र स्वस्थ परम्परालाई स्थापित गऱ्यो । जाँचबुझ कमिटीले १४ आरोपमा ११ वटामा दोषी देखायो । महाभियोग आवश्यक मतको अभावमा असफल भयो । न्यायाधीश हाउसमा राजनीतिक रूपमा विभाजित भएको भन्ने आधारमा न्यायाधीश रामास्वामीले राजिनामा दिए । भारतमा उच्च अदालतका अन्य न्यायाधीशहरूलाई पनि महाभियोग लगाइयो तर पदबाट हटाउने गरी सफल हुन सकेन । सिक्किमका मुख्य न्यायाधीश पी.डी. दिनाकरणले सन् २०११ मा भ्रष्टाचारको आरोपमा महाभियोग कारबाही अगाडि बढ्नु अगावै राज्यसभाबाट जाँचबुझ गर्न एउटा न्यायिक समिति गठन भएपछि राजिनामा दिए । गुजरात उच्च अदालतका न्यायाधीश जे.वी. पार्डिवालाले 'आरक्षण र भ्रष्टाचार देशलाई नष्ट गर्ने र सही दिशातर्फ प्रगति गर्न नदिने विषय हो' भनी एक आरक्षणको फैसलामा अनुसूची जाति र जनजातिको विषयमा आपत्तिजनक टिप्पणी गरेको विषयमा लगाइएको महाभियोगमा पछि न्यायाधीशले फैसलाबाट उक्त वाक्यांश हटाए-महाभियोग पारित भएन । कलकत्ता उच्च अदालतका न्यायाधीश सोमित्र सेन विरुद्ध 'नगद घूस लिएको' आरोपमा राज्य सभाबाट जाँचबुझको कमिटी बन्यो, न्यायाधीशले राजिनामा दिए । राजिनामा पछि पनि उनी विरुद्धको महाभियोगको प्रस्ताव पारित भयो । मध्यप्रदेश उच्च अदालतका न्यायाधीश एस.के. गांगेलेको विरुद्धमा लागेको 'यौन आचरणको' आरोप राज्य सभाबाट गठित कमिटीको जाँचबुझबाट स्थापित नहुँदा प्रक्रिया अगाडि नबढी त्यहीं अन्त्य भयो । आन्द्रप्रदेश र तेलङ्गा उच्च अदालतका न्यायाधीश जी.सी.यू. नागार्जुन रेड्डी विरुद्ध सन् २०१६ र २०१७ मा 'न्यायिक कारबाहीमा जातीय आधारमा पूर्वाग्रही भएको' भन्ने आरोप पुष्टि नहुँदा महाभियोगको प्रस्ताव अगाडि बढेन ।

भारतमा बहालवाला प्रधानन्यायाधीश दीपक मिश्र उपर सन् २०१७ मा ल्याइएको महाभियोगको प्रस्तावको पृष्ठभूमिमा सर्वोच्च अदालतका चार वरिष्ठ न्यायाधीशहरूले प्रेस सम्मेलन गरेका थिए । प्रेस सम्मेलनमा प्रधानन्यायाधीशलाई उनी रोष्टरका वरिष्ठ भएको नाताले मुद्दा तोक्दाका आधारहरू के हुन् ? ठूला मुद्दाहरू के आधारमा कनिष्ठ न्यायाधीशको इजलासमा तोकिन्छन् ? विशेषत: मेडिकल कलेजका विवादका मुद्दाहरूप्रति वरिष्ठ न्यायाधीशहरूको आपत्ति केन्द्रित थियो । विवादको सुरु सेप्टेम्बर २०१७ मा सी.बी.आईमा दर्ता भएको एउटा एफ.आई.आर.मा ओडिसा उच्च अदालतका पूर्वन्यायाधीश आई.एम. क्यूडीसीलाई 'मेडिकल कलेजलाई धनी बनाउने बेइमान व्यक्ति' भनेर उल्लेख गरियो । उनी तुरुन्तै गिरफ्तार भए र धरौटीमा छाडियो ।

उनलाई अदालतबाट मेडिकल कलेजको पक्षमा आदेश गराउने आरोप लगाइयो । त्यसबारेमा विशेष अनुसन्धानको लागि सार्वजनिक सरोकारको निवेदन दर्ता भयो । दोस्रो वरिष्ठ क्रमका न्यायाधीश जे.चेलामेश्वरले त्यो निवेदनलाई पाँच न्यायाधीशको संवैधानिक इजलासमा पठाए, तर प्रधानन्यायाधीशले अन्य पाँच न्यायाधीशको इजलासमा तोकिदिए र त्यस्ता प्रकृतिका दुई रिट खारेज भए र निवेदकलाई सजाय भयो । यो रिट टुङ्गिए पनि महाराष्ट्र उच्च अदालतका पूर्वन्यायाधीश लोइयाको अप्रत्यासित मृत्युमा अनुसन्धानको माग गरी दिएको रिटको कारबाहीको सन्दर्भमा भने विवाद उत्पन्न भयो । यसले सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरूलाई प्रेस सम्मेलन गर्नेतर्फ अग्रसर गरायो ।

सोहराबुद्दिन शेखको इन्काउन्टरमा मृत्यु भएको विषयमा मुख्य आरोपी भारतीय जनता पार्टीका तत्कालीन अध्यक्ष अमित शाहलाई बनाइएको र सोको जाँचबुझ गर्न न्यायाधीश लोइयालाई तोकिएको थियो । अमित शाहलाई पछि अदालतले सफाइ दियो । उक्त सार्वजनिक सरोकारका रिट पनि प्रधानन्यायाधीश मिश्रको इजलासबाट खारेज भयो । मिश्रले आफू न्यायाधीशको रोष्टरको मास्टर भएको स्थानलाई प्रयोग गरेर महत्वपूर्ण मुद्दाहरूलाई वरिष्ठहरूको इजलासबाट अलग नै राखे । उक्त प्रेस सम्मेलनको लक्ष्य के थियो र त्यसबाट के लक्ष्य प्राप्त भयो भनी पर्यवेक्षकहरू अझ पनि स्पष्ट हुनसकेका छैनन् ।

कांग्रेसले इतिहासमा पहिलो पटक बहालवाला प्रधानन्यायाधीश दीपक मिश्र माथि मार्च २०१८ मा राज्य सभामा महाभियोगको सूचना दर्ता गरायो । महाभियोगका तीन आधार मध्ये दुई आधार मेडिकल कलेजलाई फाइदा गराउने बारेको रिट आफैंले हेरेको र चार वरिष्ठ न्यायाधीशले प्रेस सम्मेलनमा उठाएका बुँदाहरू नै रहेका थिए । महाभियोगको प्रस्तावको सूचनालाई प्रारम्भमा नै राज्य सभाका अध्यक्ष वेन्काइह नायडुले खारेज गरिदिए । उक्त आदेश उपर सर्वोच्च अदालतमा दिएको निवेदनमा पाँच जनाको इजलासबाट हेर्न गरेको मागलाई इन्कार गरेपछि रिटलाई फिर्ता लिइयो । भारतमा महाभियोगको प्रस्ताव लोक सभाका १०० र राज्य सभाका ५० जना सदस्यले सूचना दिएको हुनुपर्ने र दुई तिहाइको बहुमतले पारित हुनुपर्ने हुन्छ ।

### *नेपालमा महाभियोगको अभ्यास*

नेपालमा महाभियोगको प्रस्ताव दुई तरिकाबाट दर्ता भएर अगाडि बढ्छन । पहिलो संविधानको धारा १०१ (२) र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (७) बमोजिम प्रतिनिधिसभाका तीन जना सदस्यले प्रमाणित गरी पेश गरेको प्रस्ताव-सूचनालाई नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिले छानबिन गरी कारबाहीको लागि सिफारिस गरेमा त्यो प्रस्ताव प्रतिनिधिसभाको एक चौथाइ सदस्यबाट पारित भएपछि उक्त प्रस्ताव महाभियोगको रूपमा हुनेछ । अर्को तरिका धारा १०१ (२) बमोजिम प्रतिनिधिसभाको एक चौथाइ सदस्यले दर्ता गराएको प्रस्तावलाई प्रतिनिधिसभा नियमावली २०७५ को नियम १६१ (२) बमोजिम ७ दिनपछिको कुनै बैठकमा छलफल गर्ने गरी सभामुखले तोक्नुपर्ने हुन्छ ।

प्रतिनिधिसभाको बैठकले उक्त प्रस्ताव अघि बढाउन उपयुक्त छ भनी एक चौथाइ सदस्यले पारित गरेपछि त्यो प्रस्ताव उपर जाँचबुझ गर्न धारा १०१ (३) बमोजिम गठित महाभियोग सिफारिस समितिमा जान्छ ।महाभियोगको प्रक्रिया कहिले आरम्भ हुन्छ ? र आरोपी कहिले निलम्वित हुन्छन् ? भन्ने सन्दर्भमा हेर्दा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (१) बमोजिम प्रतिनिधिसभाको एक चौथाइ सांसदबाट पेश भएको प्रस्तावको हकमा नियमावलीको नियम १६१ (९) बमोजिम तत्कालै र तीन जना सांसदले प्रमाणित गरी पेश गरेको प्रस्ताव नियमावलीको नियम १६१ (७) बमोजिम नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिले छानबिन गरी महाभियोगको कारबाहीको लागि सभासमक्ष सिफारिस गरेमा र एक चौथाइ सदस्यले पेश गरेको प्रस्तावलाई प्रतिनिधिसभाबाट एक चौथाइ सदस्यहरूले नै पारित गरेमा महाभियोगको कारबाहीको प्रक्रिया अगाडि बढ्छ र आरोपी पदाधिकारी नियमावलीको नियम १६१ (९) बमोजिम निलम्वित हुन्छन् ।

-बाँकी ३ पेजमा...

# उद्योगमा लगानी: ६२ वर्षमा २६ खर्ब बढीको प्रस्ताव




काठमाडौँ, ५ साउन (रासस)/ पछिल्लो छ दशकमा मात्रै मुलुकको उद्योग क्षेत्रमा २६ खर्ब बढी लगानी भएको पाइएको छ ।

यसबाट उद्योग क्षेत्रको विकासका सरकारले विशेष गरी ध्यान केन्द्रित गरेको र लगानीकर्ताले पनि लगानीको मात्रामा क्रमशः वृद्धि गर्दै गएको देखिन्छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको उद्योग विभागले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ सम्म उद्योग (विभिन्न क्षेत्रका उद्योगमा) मात्रै २६ खर्ब २७ अर्ब बढीको लगानी प्रस्ताव आएको उल्लेख छ ।

नेपालमा विशेष गरी आर्थिक वर्ष २०१७/०१८ सालदेखि २०७८/०७९ सम्म आठ हजार ७६४ उद्योगका लागि उक्त परिमाणको लगानी प्रस्ताव आएको हो । तथ्यांकअनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानीको प्रस्ताव साना उद्योगमा रहेको छ । विवरणअनुसार साना उद्योग पाँच हजार ४४२, मझौला उद्योग दुई हजार १७ र ठूला उद्योग एक हजार ३०५ दर्ता भएका छन् । तथ्याङ्कअनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ५७ हजार ५०७ लाई रोजगारी दिने उल्लेख गरिएको छ ।

*एक वर्षमै थपियो एक खर्ब ८७ अर्ब*

कोरोना महामारीपछि विस्तारै स्वदेशी तथा विदेशी लगानीका उद्योगमा प्रतिबद्धता आउने क्रममा वृद्धि हुन थालेको विभागका सम्बद्ध अधिकारीको भनाइ छ । विभागका सूचना अधिकारी पूर्णिमा उपाध्यायले कोरोना पछि उद्योगको संख्यासँगै लगानीमा समेत वृद्धि हुन थालेको जानकारी दिए । उनका अनुसार गत आव २०७७/०७८ को तुलनामा २०७८/०७९ मा स्वदेशी लगानीका उद्योगमा मात्रै दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ ।

आव २०७७/०७८ मा २०३ उद्योगका लागि एक खर्ब ५६ अर्ब बढीको लगानी प्रस्ताव आएकोमा गत आव २०७८/०७९ मा तीन खर्ब ४३ अर्ब ५५ करोड बढीको लगानी प्रस्ताव आएको छ । एक वर्षको अवधिमा एक खर्ब ८७ अर्ब बढीको लगानी प्रस्ताव आएको हो । गत आव २०७८/०७९ मा ३०९ वटा उद्योग दर्ता भएकामा ९१ वटा ठूला उद्योग, १०८ वटा मझौला र ११० वटा साना उद्योगमा दर्ता भएका छन् । गत आव २०७७/०७८ मा २०३ वटा उद्योग दर्ता भएका थिए ।

*बढ्यो विदेशी लगानी*

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार विदेशी लगानी प्रतिबद्धतामा समेत वृद्धि भएको छ । एक वर्षको अवधिमा विदेशी लगानीका उद्योगमा २२ अर्ब आठ करोड बराबरको लगानी प्रतिबद्धता थपिएको हो । आव २०७८/०७९ को एक वर्षको अवधिमा २९५ विदेशी लगानीका उद्योगमा ५४ अर्ब १५ करोड बढीको लगानी प्रतिबद्धता आएको छ ।

आव २०७७/०७८ मा १८४ उद्योगका लागि ३२ अर्ब सात करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो । उद्योग विभाग स्थापना भएदेखि हालसम्म चार खर्ब १९ अर्ब बढीको विदेशी लगानी प्रतिबद्धता आएको छ ।

*कुनमा उद्योगमा कति प्रतिबद्धता ?*

गत आवमा सबैभन्दा बढी विदेशी लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएको छ । एक वर्षका अवधिमा ९७ सेवामूलक क्षेत्रका उद्योगमा मात्रै २७ अर्ब २९ करोड ८१ लाख बढीको लगानी प्रतिबद्धता आएको देखिन्छ ।

सेवामूलकपछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता पर्यटन क्षेत्रमा आएको छ । सेवामूलक क्षेत्रका उद्योगभन्दा पर्यटन क्षेत्रका उद्योगको संख्या धेरै भए तापनि सेवामूलक क्षेत्रका उद्योगमा बढी लगानी प्रतिबद्धता आएको छ । विभागको तथ्यांकअनुसार पर्यटन क्षेत्रमा १२४ उद्योगका लागि १९ अर्ब ६० करोड १५ लाख बढीको प्रतिबद्धता आएको हो ।

यस्तै, कृषि क्षेत्रमा चार उद्योगका लागि साठी करोड, ऊर्जा क्षेत्रमा एक उद्योगका लागि दश करोड ६२ लाख, सूचना प्रविधि क्षेत्रमा छ उद्योगका लागि ४७ करोड, पूर्वाधार क्षेत्रका आठ उद्योगका लागि एक अर्ब ७२ करोड ४० लाख र उत्पादनमूलक क्षेत्रका ५१ उद्योगका लागि आठ अर्ब १४ करोड बराबरको प्रतिबद्धता आएको हो ।

लगानी प्रतिबद्धतासँगै स्वदेशी लगानीका उद्योगले २८ हजार ५२७ र विदेशी लगानीका उद्योगले १६ हजार ९१९ गरी ४५ हजार ३४६ लाई रोजगारी दिने प्रतिबद्धता जनाएका छन् ।

*स्वदेशी लगानीका ३०९ उद्योग दर्ता*

विभागको तथ्यांकअनुसार एक वर्षका अवधिमा स्वदेशी लगानीमा ३०९ वटा उद्योग दर्ता भएका छन् । एक वर्षको अवधिमा विभागमा दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव ऊर्जा क्षेत्रका उद्योगमा आएको छ । ऊर्जामूलक क्षेत्रका ५० वटा उद्योगमा एक खर्ब ७० अर्ब ७६ करोड ७४ लाख ७३ हजार बराबरको लगानी प्रस्ताव आएको हो ।

यस्तै, ऊर्जापछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएका छन् । एक वर्षको अवधिमा ११५ सेवामूलक क्षेत्रका उद्योग दर्ता हुँदा ८९ अर्ब ७९ करोड ४१ लाख ९१ हजार बराबरको लगानी प्रतिबद्धता आएको छ ।

पर्यटन क्षेत्रका ५८ उद्योगमा २६ अर्ब ५१ करोड ४९ लाख ७६ हजार, सेवामूलक क्षेत्रका ४६ उद्योगका लागि ४६ अर्ब ७५ करोड ५८ लाख, कृषि क्षेत्रमा २१ उद्योगका लागि पाँच अर्ब २८ करोड ९० लाख ९९ हजार, सूचना प्रविधि क्षेत्रमा ११ उद्योगका लागि र एक अर्ब ८९ करोड ८५ लाख, पूर्वाधार क्षेत्रका पाँच उद्योगका लागि दुई अर्ब २७ करोड ९१ लाख र दुईवटा खनिज उद्योगका लागि २५ करोड ९९ लाख बराबरको लगानी प्रतिबद्धता आएको हो ।

# नदी किनारका बासिन्दाका पीडा: 'राति निन्द्रा नै लाग्दैन'

नवलपुर, ५ साउन (रासस)/ गत जेठको अन्तिम साताबाटै यस वर्षको मनसुन सुरुआत भइसकेको छ । नेपालमा मनसुन भित्रिएसँगै मनसुनजन्य प्रकोपको जोखिमका कारण नदी किनारमा बसोबास गर्ने मानिस त्रासमा बाँच्न बाध्य छन् ।

मनसुनजन्य प्रकोपका कारण नवलपरासी (बर्दघाट-सुस्तापूर्व) उच्च जोखिममा छ । मनसुनमा बाढी, नदी कटान, डुबान र पहिराका कारण यहाँको जनजीवन प्रभावित हुने गरेको छ । बर्खा सुरु भएसँगै नदी किनारमा बसोबास गर्ने मानिसलाई सबैभन्दा बढी पिरोल्ने गरेको छ ।

मध्यबिन्दु-३ नन्दपुरका जितबहादुर महतोले बर्खा लागेसँगै रातिमा निद्रा हराउने गरेको गुनासो गरे । "हिउँदभरी त हामीलाई खासै दुःख हुँदैन", उनले भने, "बर्खा सुरु हुन्छ अनि हाम्रो पीडाका दिनहरू सुरु हुन्छन् ।" बर्खा सुरु भएसँगै कति बेला नारायणी बढेर आउँछ र आफूहरूको उठिबास लाग्ने हो भन्ने चिन्ताले सताउने गरेको स्थानीयवासी महतोले बताए । सबै राजनीतिक दलका नेताले चुनावको बेलामा नदी नियन्त्रणको आश्वासन दिएर भोट माग्ने गरेको उल्लेख गर्दै महतोले चुनाव सकिएपछि आफूहरूलाई बेवास्ता गर्ने गरेको गुनासो गरे ।

नवलपुर हुँदै बग्ने गरेको नारायणी नदी तथा यहाँ खहरे खोलाबाट बर्सेनि स्थानीय पीडित हुने गरेका छन् । हरेक वर्ष बाढी र पहिराका कारण यहाँका नदी तथा खोलाले वितण्डा नै मच्चाउने गर्छन् । मनसुन सुरु भएदेखि मनसुन नसकिने



बेलासम्म आफूहरू ढुक्कसँग निदाउनसमेत नसक्ने गरेको गैँडाकोट-२ का जीवन बोटे बताउछन् ।

"बेलुका सुत्दा त ठीकै सुतेका हुन्छौँ तर, रातिमा नदी बढेर घरभित्रै आयो कि भन्ने पीडाले निन्द्रा नै लाग्दैन", बोटले भने, "राति उठ्दा खाटमुनि पानी पसेको पो छ कि, कतै घर पो डुब्यो कि भन्ने पीडाले सताउने गरेको छ ।"

नवलपुर तथा चितवनमा पानी पर्दाभन्दा पनि पहाडतिर पानी परेको सुन्दा र आकाशमा कालो बादल मडारिँदा आफूहरूको मनमासमेत पीडाका भावहरू मडारिने गरेको बोटे बताउछन् । नारायणी नदीको दीर्घकालीन व्यवस्थापन गर्नका लागि राज्यका तीनवटै तहका सरकारले काम गर्नुपर्ने बाटेको भनाइ छ ।

मनसुनका कारण नवलपुरमा सबैभन्दा बढी प्रभावित हुने स्थानीय तह मध्यबिन्दु, गैँडाकोट, देवचुली र कावासोती नगरपालिका हुन् । त्यस्तै विनयी त्रिवेणी र हुप्सेकोट गाउँपालिका पनि बाढी र पहिराको उच्च जोखिममा छन् । बाढी र पहिराका कारण यहाँ बर्सेनि ठूलो धनजनतको क्षति हुने गरेको छ ।

जिल्लामा मनसुनजन्य प्रकोपबाट करिब ८० हजार परिवार प्रभावित हुने प्रक्षेपण गरिएको प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले बताए ।

स्थानीय प्रशासनले विपद्जन्य जोखिम न्यूनीकरण तथा राहत र उद्धारका लागि पूर्वतयारीका सबै काम गरेको घिमिरेको भनाइ छ । पहिरा, बाढी, डुबान तथा कटानमा परेका नागरिकको उद्धार र राहतको लागि पूर्वतयारीका काम गरेको उनको भनाइ छ ।

बाढी पहिरा प्रभावित घरपरिवारको विवरण संकलन गर्ने तथा उनीहरूको व्यवस्थापनमा के कस्ता काम गर्नुपर्छ भन्नेबारेमा पूर्वतयारीका सबै काम गरिएको प्रजिअ घिमिरेले बताए ।

"नदीलाई मूल प्रवाहमा बगाउने, खोलानाला थुनिएको ठाउँमा सफा गर्ने, कटानको जोखिम भएको ठाउँमा तारजाली लगाउने कामहरू गरेका छौँ", प्रजिअ घिमिरेले भने, "विपद् व्यवस्थापनका लागि सबै पालिकासँग समन्वय गरिएको छ, पूर्वसूचना प्रवाह प्रणालीसमेत सञ्चालनमा ल्याएका छौँ ।"

विपद् व्यवस्थापनका लागि जिल्लाका तीनवटै सुरक्षा निकाय, रेडक्रस तथा विषयगत संघसंस्थालाई तालिमसहित तयारी अवस्थामा राखिएको घिमिरेले बताए ।

"सकेसम्म विपद् हुनै नदिने र भइहालेको अवस्थामा विपद् व्यवस्थापनसम्बन्धी तालिम लिएका सुरक्षाकर्मी र अन्य सङ्घसंस्थाका प्रतिनिधिलाई परिचालन गर्नेगरी तयारी थालिएको छ", घिमिरेले भने, "जिल्लामा इमिडियट रेस्पोन्स टिम निर्माण गरेर विपद् व्यवस्थापनका लागि पूर्वयोजना तर्जुमा लगायतका काम गरेका छौँ ।"

नदी तथा खोला पसेर गाउँ नै सखाप पार्ने अवस्था देखिएकाले तत्काल रोकथामका लागि अपनाउनुपर्ने कामहरू भइरहेको घिमिरेको भनाइ छ ।

नदी नियन्त्रण तथा रोकथामका लागि जिल्लामा दीर्घकालीन काम भने भएको छैन । गाउँ डुबानमा परेपछि उद्धारका लागि सुरक्षाकर्मी पठाउनुभन्दा नदी नियन्त्रणका लागि ठोस काम गर्नुपर्ने जिल्लावासीको माग छ ।

# 'पन्छी' भिडियो सार्वजनिक

काठमाडौँ, ५ साउन (रासस)/ कलाकारिता विषयलाई उठान गरिएको म्युजिक भिडियो 'पन्छी' सार्वजनिक भएको छ ।

यस गीतमा गायक केतन क्षत्रीको सुमधुर स्वर सुन्न सकिन्छ । सो भिडियोमा गीतकार रमेश लुइँटेलको शब्द र हेमन्त शिशिरको संगीत रहेको छ ।

भिडियोमा दिक्पाल कार्की, दिपेश परियार, जुना कार्की, मनोज कार्की र सजिना राईको अभिनय हेर्न पाइन्छ ।

'उड मेरो पन्छी पखेटालाई थाम्दै', 'सपना तिम्रो आकाश छुने, स्वतन्त्र भई...', 'मलाई छोडी तिमी आफ्नो...' लगायत बोलका गीत म्युजिक भिडियोमा समावेश गरिएको छ ।

सुजन श्रेष्ठले छायाङ्कन गरेको सो भिडियोलाई शिलन लम्सालले सम्पादन गर्नुभएको हो । मुनाल शिशिर कोइरालाको परिकल्पना र निर्देशनमा भिडियो तयार पारिएको जनाइएको छ ।

भिडियो 'नेपाली मेलोडिज' नामक युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो । निर्माण समूहले भिडियोलाई हेरेर प्रतिक्रिया दिन दर्शक श्रोतालाई आग्रह गरेको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट

**मितिः २०७९/04/03 मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदक- ठाकुरराम ब्लोन (भतिज) ज.ध.- सरेबहादुर बुलन (ठूलो बा)

यसमा जिल्ला मकवानपुर, साविक राक्सीराङ वडा नंवर २ को कि.नं. २५३ र ३३४ को क्षेत्रफल ज.रो. ४-१३-१-० र १३-१-१-१ को जग्गाधनी सेर बहादुर वुलनको अविवाहित अवस्थामै मिति २०३२ सालमानै मृत्यू भएको, जग्गाधनीको बाबु/आमा वाहासुर बुलन र सेतीमाया बुलनको पनि मिति २०२७ र २०२८ सालमा नै मृत्यु भैसकेको, जग्गाधनीको बाबुको २ छोराहरुमा कान्छो छोरा लाल बहादुर बुलन र लाल बहादुर बुलनको एकमात्र पत्नी पृती माया बुलनको पनि मिति २०५६/१०/१९ र २०१७ सालमा मृत्यु भएको, जग्गाधनीको पालनपोषण तथा काजक्रिया सबै म निवेदक जग्गाधनीको भतिजो ठाकुर राम ब्लोनले गरेको हुनाले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी ,निवेदकले राक्सिराङ गाउँपालिका ४ नंवर वडा कार्यालयको च.नं. ६२२ मिति २०७९/३/१७ को सिफारिस, नाताप्रमाणित, मृत्यू दर्ता प्रमाणपत्र समेत संलग्न गरी कार्यालयमा मिति २०७९/३/१६ मा द.नं. १८६९३ मिति २०७९/३/२१ मा मागादावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दाजग्गा धनीको अविवाहित अवस्थामै मृत्यू भएको, जग्गाधनीको बाबु/आमाको समेत मृत्यू भैसकेकोले जग्गाधनीको हकदारहरु, पालनपोषण/सदगद तथा जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामासमेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नुभनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको मागदावी सत्य नभई झुठा भए वा जग्गाधनीको विवाह भएको भए वा जग्गाधनीको पालन पोषण तथा सदगद निवेदकले नगरी अरु कोही कसैले गरेको भए वा उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुनेकुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

*ईति संवत २०७९ साल श्रावण महिनाको ०३ गते रोज ०३ शुभम ।*

# राष्ट्रिय कराते प्रतियोगिता भदौमा



काभ्रेपलाञ्चोक, ५ साउन (रासस)/ बनेपामा आउँदो भदौमा राष्ट्रिय खुला फुल कन्ट्याक्ट कराते प्रतियोगिताको आयोजना हुने भएको छ । नेपाल केनसिनकान कराते संघले आगामी भदौ ४ गते शनिबार उक्त प्रतियोगिताको आयोजना गर्ने भएको हो ।

उदयमान कराते खेलाडी उत्पादन तथा वर्तमान खेलाडीलाई प्रतियोगिताको माध्यमबाट आफ्नो क्षमता प्रदर्शनमा हौसला प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको जनाइएको छ ।

प्रतियोगितामा पुरुषतर्फ ३५, ४५, ५५ केजीमुनि र खुला तौल समूह तथा महिलातर्फ ३५, ५० केजीमुनि र खुला तौल समूह गरी जम्मा सात बजन समूहमा प्रतिस्पर्धा हुने संघका महासचिव राजन खत्रीले जानकारी दिए ।

प्रतियोगितामा विभागीय टिम, विभिन्न कराते संघ, डोजोलगायतका निकायबाट करिब २५० खेलाडीको सहभागिता रहने अनुमान गरिएको छ । प्रतियोगितामा प्रत्येक वजन समूहमा प्रथम हुने खेलाडीलाई १५ हजार, द्वितीयलाई १० हजार र तृतीय हुने दुई खेलाडीलाई जनही पाँच हजार नगद पुरस्कारसहित पदक, ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

यस्तै महिला तथा पुरुषतर्फ सर्वश्रेष्ठ खेलाडी घोषित गरी पुरस्कृत गरिने छ । प्रतियोगिता सञ्चालन गर्न विभिन्न पाँच समिति गठन भएका छन् ।

नेपाल फुल कन्ट्याक्ट कराते महासंघबाट प्राविधिक सहयोगमा सञ्चालन हुने प्रतियोगिताका लागि १४ लाख ६५ हजार खर्चिने जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# न्यायिक महाभियोगका...

एक चौथाइ सांसदबाट पेश भएको प्रस्तावको हकमा प्रारम्भिक रूपमा छानबिन गर्ने व्यवस्था रहेको देखिँदैन, सभामा पेश भएको महाभियोग प्रस्ताव प्रारम्भिक छानबिनको निष्कर्ष विना नै अगाडि बढ्ने प्रक्रियालाई न्यायोचित भनिहाल्न हिचकिचाउनुपर्ने हुन्छ । प्रस्ताव दर्ता हुनासाथ आरोपीलाई निलम्वन गर्ने व्यवस्था प्रजातान्त्रिक र विधिको शासनको अवधारणा अनुकूल छ भनी भन्न कठिन हुन्छ ।

गणतन्त्रलाई 'गणतन्त्रको खोल मात्र ओढेको' रूपमा राख्नेछ र प्रयोग गर्न हुँदैन, यसको प्रयोग पनि 'कानुनको शासन' र 'प्रजातान्त्रिक अवधारणा'का बृहत् सिद्धान्तहरूमा आधारित हुनुपर्दछ । अभ्यासमा पूर्व अख्तियार प्रमुख, पूर्व प्रधानन्यायाधीश र वर्तमान प्रधानन्यायाधीश तीनै जनाको सन्दर्भमा महाभियोग प्रस्ताव दर्ता हुने वित्तिकै सभामुखबाट कुनै लिखित निर्णय विना सम्भवत: तोकेको निर्देशन र आदेशमा संसदको महासचिवबाट आरोपी पदाधिकारीलाई निलम्वन गरेको भन्ने चिठ्ठी पठाउने गरेको पाइन्छ ।

नेपालमा प्रधानन्यायाधीश उपरका महाभियोगको प्रस्तावको अवस्था भारत र अमेरिकाको भन्दा भिन्न छ । नेपालमा हाउसमा पेश गरिएका महाभियोगको अभ्यास हेर्दा तिनलाई पारित गराउने भन्दा पनि त्यसउपर प्रारम्भिक छानबिन विना नै आरोपीलाई तत्काल काम गर्नबाट मात्र निषेध गर्न र राजिनामा दिन बाध्य पार्न खोजेको देखिन्छ ।

अमेरिका र भारतमा न्यायाधीश उपर राजनीतिक दलले महाभियोगको प्रस्ताव ल्याउने प्रारम्भिक छानबिन र त्यसको निष्कर्षको आधारमा मात्र अघि बढ्ने र प्रधानन्यायाधीश र न्यायाधीशले न्यायाधीशको संरक्षण र प्रस्तावको विरोध गर्ने गरेको पाइन्छ । नेपालमा भने दुवै महाभियोग न्यायपालिकाभित्रको आन्तरिक कलहमा वरिष्ठ न्यायाधीशहरूकै अदृश्य सहयोग र मौन समर्थन रहेका कारणले आएको हुँदा न्यायाधीशहरू आरोपी प्रधानन्यायाधीशको पक्ष र महाभियोगको विपक्षमा हुनसक्ने अवस्था रहेन । त्यहाँ स्वार्थ बाझिने हुँदा वरिष्ठ न्यायाधीशले पनि महाभियोगको सन्दर्भमा बुझ्न समिति गठन गर्न मिल्ने देखिँदैन ।

विश्वका ठूला प्रजातान्त्रिक मुलुक अमेरिका र भारतमा न्यायिक महाभियोग सम्बन्धमा हुने गरेको अभ्यास हेर्दा, महाभियोगको प्रस्तावको सूचना वा प्रस्ताव दर्ता भएपछि हाउसको अध्यक्षले प्रारम्भिक रूपमा आरोपबारे जाँचबुझ गराउँदछन् । प्रथम दृष्टिमा आरोपहरू जायज देखिन आए बल्ल महाभियोगको कारबाही अगाडि बढ्छ । तैपनि भारतमा महाभियोगको आरोप लागेका न्यायाधीश रामास्वामी विरुद्ध महाभियोग दर्ता भएपछि प्रधानन्यायाधीश स्वयंले उनलाई काम नगर्न आग्रह गरेपछि मात्र उनी विदामा बसेका छन् । प्रधानन्यायाधीश र लोक सभाका अध्यक्षले अलग अलग जाँचबुझ कमिटी गठन गरेका छन्, त्यसमा पनि उनी निलम्वन भए नभएको अस्पष्ट नै छ । महाभियोगको प्रस्ताव बारे सुरुमा नै प्रारम्भिक जाँचबुझ अनिवार्य रूपमा गरेर त्यसको प्रतिवेदनबाट प्रस्ताव जायज देखिए बल्ल त्यसपछि मात्र कारबाही र निलम्वन हुने नहुने र गर्ने नगर्ने प्रक्रिया अगाडि बढ्ने हुन्छ ।

महाभियोगको कारबाही राजनीतिक प्रक्रिया भएकोले अति विवादित व्यवस्था रहेको देखिन्छ । यसमा आरोप र कारबाहीमा पनि बढीभन्दा बढी मात्रामा शुद्धता रहेको देखिँदैन । सिद्धान्तमा एउटा र कारबाहीमा पृथक् यथार्थता रहने गरेको पाइन्छ । महाभियोगको प्रस्तावमा राजनीतिक व्यक्तिले राजनीतिक सिद्धान्तका आधारमा सही गर्ने गर्दछन् । यद्यपि महाभियोगको अभिप्राय गैरराजनीतिक भन्ने गरिए पनि न्यायाधीशलाई हटाउने कारण कुनै राजनीतिक पूर्वाग्रहबाट प्रेरित छैन भनेर भन्न सकिने अवस्था हुँदैन ।

भारतमा न्यायाधीशलाई महाभियोग लगाएर हटाउने विषयमा संविधानसभामा छलफल हुँदा सदस्य कुलाधर चालियाले यस प्रक्रियामा असहमति जनाउँदै यदि 'न्यायाधीशहरूलाई यस्तो महाभियोगको प्रक्रियाबाट हटाउन खोजे पूरै देश स्तब्ध हुन्छ, जनता विभक्त हुन्छन्' भन्ने धारणा राखेका थिए । छलफलकै क्रममा अर्का सदस्य ताजामूल हुसैनले 'संसदको सिफारिसमा न्यायाधीशलाई हटाउने कार्य सिद्धान्तकै विपरीत हुन्छ । न्यायाधीशहरू पनि दलगत राजनीतिबाट माथि हुनुपर्छ । तर संसदमा बहुमत पार्टीले कुनै न्यायाधीशलाई समर्थन नगरे उसलाई हटाउन सजिलो हुन्छ' भनेका थिए । तर आर.के. सिधवाको विचारमा 'यस्तो कारबाहीमा फराकिलो अधिकार विधायिकालाई दिनु राम्रो हुन्छ । संसदको यस्तो कारबाहीमा बाहिरी प्रभावले गम्भीर रूपमा असर पार्ने गर्दछ' भन्ने थियो ।

नेपालका प्रधानन्यायाधीश विरुद्ध ल्याइएको दुई वटा न्यायिक महाभियोगमध्ये पहिलो महाभियोगको कारणमा प्रहरी महानिरीक्षकको नियुक्तिको मुद्दा र वरिष्ठ न्यायाधीशको उमेरको प्रश्न रहेको थियो । ती दुवै बुँदा 'न्यायिक राजनीतिक' स्वार्थसँग नै जोडिएका थिए । यसैगरी दोस्रो महाभियोगको कारणमा नेपाल बार र सर्वोच्च बारले प्रधानन्यायाधीशले भ्रष्टाचार गरेको, राजनीतिक शक्तिसँग सम्बन्ध राखेको र कार्यपालिकामा भागबण्डा खोजेको भन्ने आरोप लगाइयो भने संसदले लगाएको महाभियोगमा पनि यिनै आधारहरूलाई उल्लेख गरिएको छ । वर्तमान प्रधानन्यायाधीशलाई भ्रष्टाचार गरेको भन्ने आरोप लगाइए पनि अन्तत: कार्यपालिकामा भागबण्डा खोजेको भन्ने पृष्ठभूमिको कारणबाट कार्यकालभरि गरेका कामहरू खोतलेर प्रस्ताव दर्ता हुन पुग्यो ।

ऋषि कट्टेलको मुद्दाको निर्णयले भएको नेकपा विभाजनले राजनीतिक पार्टी र नेतामा उब्जेको बदलावको आक्रोश र यस बीचमा संसद विघटन विरुद्धको दुवै मुद्दाको सुनुवाइमा निर्णय आफ्नो पक्षमा हुनुपर्ने भन्ने स्वार्थ र संवैधानिक इजलासमा संवैधानिक अंगका पदाधिकारीहरूको नियुक्ति उपरको मुद्दाको सुनुवाइबाट प्रधानन्यायाधीश अलग हुनुपर्ने विवादलाई लिएर बारदेखि न्यायपालिकासम्म इजलास गठनको घटनादेखि निर्णयको प्रक्रियासम्म भइरहेको अन्तरसंघर्ष महाभियोगको मूल जरिया रहेको स्पष्ट छ ।

यो अवस्थाले सतहमा महाभियोगमा भ्रष्टाचारको आरोप लगाइए पनि अर्थात् भ्रष्टाचार गरेको भन्ने आधारमा भित्री रूपमा 'राजनीतिक र न्यायिक' कारण, स्वार्थ र अभीष्टहरू नै मिश्रति रूपमा रहेका छन् भन्नुमा कुनै अतिशयोक्ति हुँदैन । नेपालको संविधानको धारा १०१ (५) र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (७) मा उल्लेखित महाभियोगका आधारहरूको विश्लेषणबाट सामान्य हुनसक्ने भएपनि ती मध्येलाई नै 'गम्भीर प्रकृतिको नैतिकता विरुद्ध र फौजदारी दुराचार एवं दुष्कर्म' को आधारमा मात्र महाभियोग लगाउने अभ्यास गर्नुपर्दछ ।

महाभियोगको कारबाही न्यायपालिकाको स्वतन्त्रतासँग पनि जोडिएको विषय हो । न्यायपालिकामा प्रधानन्यायाधीश विरुद्धको अभियान नौ महिना चलेको र महाभियोग दर्ता भएको पनि पाँच महिना भइसक्यो । प्रतिनिधिसभा नियमावली २०७५ को नियम १६१(२) बमोजिम ७ दिन पछिको संसदको बैठकमा पेश हुनुपर्ने प्रस्ताव धेरैपछि पेश भए पनि छलफलबाट प्रस्तावलाई महाभियोग सिफारिस समितिमा पठाउन र कारबाही अगाडि बढाउन नै सकिएको छैन ।

विश्वकै न्यायिक इतिहासमै नभएको नेपालमा न्यायिक महाभियोगको प्रस्तावको कारबाही अगाडि पनि नबढ्ने, पारित हुन र नयाँ प्रधानन्यायाधीश पनि नियुक्त हुन नसक्ने र प्रधानन्यायाधीशलाई आरोप मात्र लगाएर निलम्वनमा राखिर हनुपर्ने अवस्थाले न्यायपालिकाको स्वतन्त्रताको मापन कार्यपालिकाको भूमिकामा निर्भर रहन गएको र त्यसको मात्रा कुन औसतमा रहेको भन्ने स्पष्ट रूपमा बुझिन्छ ।

चुनावको घोषणा भए महाभियोगको प्रस्ताव, के हुन्छ ? भन्ने अहं प्रश्न रहेको छ । महाभियोगको प्रस्ताव संसदमा विचाराधीन रहिरहेको अवस्थामा संसदको निर्वाचनको घोषणा भएसँगै संसद विघटन नभई क्रियाशील रहिरहे संसदको अवधिभर संसदभित्रका महाभियोग प्रस्ताव लगायत सबै कुराहरू जीवन्त र हिरहने र तिनीहरूले वैधानिक मान्यता प्राप्त गरिरहेका हुन्छन् । संसद विघटन भएमा मात्र संविधानको धारा १११ (१०) बमोजिम संसदमा पेश भई विचाराधीन विधेयक र प्रस्तावहरू स्वत: निष्क्रिय हुन पुग्ने हुँदा महाभियोगको प्रस्ताव मात्र अपवाद हुन सक्दैन ।

संसदको विघटन वा अवधि समाप्त भएर प्रधानन्यायाधीशको उमेर पनि बाँकी रहे निज उपरको निलम्वन स्वत: शून्यमा परिणत हुन्छ । प्रधानन्यायाधीश आफ्नो पदमा विधिवत् रूपले कार्यरत हुने अवस्था स्थापित हुन्छ ।

तर वरिष्ठ न्यायाधीशहरू र बारले विगतमा प्रधानन्यायाधीशविरुद्ध अवज्ञा र आन्दोलन गरेको हुँदा सर्वोच्चमा उनको पुनरागमन सहज हुने नहुने अवस्थाको आकलन गर्न कठीन छ । सर्वोच्चमा उनको पुनरागमन सहज ढंगले हुन र कार्यसंचालन गर्न सक्ने अवस्था नभए देशमा केही दिन प्रधानन्यायाधीश मात्र रहने, प्रधानन्यायाधीश भई-भई वरिष्ठ न्यायाधीश संविधानत: का.मु. हुन नमिल्ने अवस्थाले प्रधानन्यायाधीशको उपस्थिति समेतबाट हुनुपर्ने सिफारिसका कार्यहरूमा अड्चन पुग्न जाने हुन्छ । अत: सरकार, संसद, राजनीतिक दल र समस्या खडा गर्ने वर्ग र संस्थाले संविधान बमोजिम यसको निकास समयमै निकाल्नुपर्ने हुन्छ ।

*(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन् ।) -साभार: अनलाइनखबर*

# मकवानपुरमा नागरिकता र राहदानी बनाउने ह्वात्तै बढे




साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुरमा नागरिकता र राहदानी बनाउनेको संख्या ह्वात्तै बढेको छ । आर्थिक वर्ष २०७७/०७८ भन्दा गत आव २०७८/०७९ मा नागरिकता र राहदानी बनाउनेको संख्या दोब्बर भन्दा बढी छ ।

मकवानपुरमा गत आर्थिक वर्ष २०७८/०७९ भित्र १८ हजार भन्दा बढीले नागरिकताको प्रमाणपत्र लिएका छन् । साढे ६ हजारले एक वर्षमा जिल्लाबाट राहदानी बनाएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट गत आवमा १८ हजार ५ सय ६३ जनाले नयाँ नागरिकत पाएका हुन् । नागरिकता लिनेमा पुरुष भन्दा महिला बढी छन् । जसमध्ये ९ हजार ८ सय ३३ महिला र ८ हजार ७ सय ८ जना पुरुषले नागरिकता लिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा ७ हजार ९ सय १८ जनाले मात्रै नागरिकता बनाएका थिए । ५ हजार १ सय ४९ जनालाई प्रतिलिपि नागरिकता वितरण गरिएको जिल्ला प्रशासन कार्यालयको वार्षिक विवरणमा उल्लेख छ ।

आव २०७७/०७८ मा भन्दा गत आव ०७८/०७९ मा नागरिकताको प्रतिलिपि बनाउने पनि बढी छन् । गत आवमा १० हजार २ सय १६ जनालाई प्रतिलिपि नागरिकता वितरण गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । वैवाहिक अंगिकृत नागरिकता लिनेपनि बढे । आव २०७७/०७८ ९ जनाले मात्रै वैवाहिक अंगिकृत नागरिकता लिएका थिए भने आव २०७८/०७९ मा २२ जनालाई वैवाहिक अंगिकृत नागरिकता वितरण गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट आर्थिक वर्ष २०७८/०७९ मा ६ हजार ५ सय ३२ राहदानी वितरण भएको छ । ४ सय १५ वटा राहदानी वितरण हुन बाँकी रहेको जनाइएको छ ।

कार्यालयले ६ हजार ९ सय ४७ राहदानीमा साधाराण सिफारिस गरेको छ भने ४ हजार १ सय ३८ द्रुत सिफारिस गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा ३ हजार ५ सय २४ राहदानी वितरण गरेको थियो । आव ०७७/०७८ मा ४ हजार ३ सय ७४ राहदानीमा कार्यालयले साधारण सिफारिस गरेको थियो भने २ हजार ९ सय ५१ द्रुत सिफारिस गरेको थियो ।

**एकसय ५६ मुद्दा फछ्र्यौट**

जिल्ला प्रशासन कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७८/०७९ मा एकसय ५६ वटा मुद्दा फछ्र्यौट गरेको छ । आव २०७७/०७८ को फछ्र्यौट हुन बाँकी ३६ वटा मुद्दा थिए ।

गत आव ०७८/०७९ मा प्रशासनमा १ सय ४९ मुद्दा दर्ता भएका थिए । प्रशासनमा कालोबजारी, अभद्र व्यवहार र जुवातास सँग सम्बन्धित मुद्दा छन् । मकवानपुर प्रशासनले आर्थिक वर्ष २०७८/७९ मा ५३ नयाँ संस्था दर्ता भएको जानकारी दिएको छ । ३ सय ७ वटा संस्था नविकरण भएको जनाएको छ । त्यस्तै, २ वटा पत्रपत्रिका दर्ता भएको छ । प्रशासनले २३ पटक बजार अनुगमन गरेको छ । ३ पटक कार्यालयहरुको छड्के जाँच गरिएको प्रशासनले जनाएको छ ।

# वडा कार्यालयमा लगाइएको ताला खोलियो



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ करार सेवाका कर्मचारी हटाएको विरोधमा कैलाश गाउँपालिकाको १ नम्बर वडा कार्यालयमा लगाइएको ताला प्रहरीले खोलेको छ ।

वडा कार्यालयमा कार्यरत् कर्मचारीहरुले म्याद थप नगरी जागिरबाट निकालेको भन्दै बुधवार ताला लगाएका थिए । पालिकाले कुनै आधार नखुलाई हटाएको भन्दै आन्दोलनमा होमिएका कर्मचारीले ताला लगाएपछि बिहीवार प्रहरीले उक्त ताला तोडेर कार्यालय सञ्चालनमा ल्याएको छ ।

गाउँपालिकाले २ साउनमा सूचना जारी गर्दै करार सेवाका कर्मचारीलाई काममा नआउन उर्दी जारी गरेको थियो । १ नम्बर वडा कार्यालयमा काम गर्दै आएका कार्यालय सहयोगी राजेन्द्र लामाले राजनीतिक प्रतिशोधका कारण कामबाट हटाएको आरोप लगाएका थिए । वडा कार्यालयबाट हुने गरेका कार्यसम्पादन प्रभावित भएपछि वडाध्यक्षसहित स्थानीय जनप्रतिनिधिको रोहबरमा डाँडाखर्क प्रहरी चौकीको टोलीले ताला खोलेको हो ।

कार्यालय सहयोगीका रुपमा कार्यरत आस्मान थिङ र राजेन्द्र लामाले कार्यालयको काम नगर्ने, जनप्रतिनिधि तथा वडा सचिवको निर्देशन नमान्ने, उल्टै वादविवादमा उत्रने गरेको वडा अध्यक्ष तेजबहादुर ब्लोनले बताएका छन् ।

वडाबासीबाटसमेत कार्यालय सहयोगीबाट सहज र छिटोछरितोसँग कार्यसम्पादन हुन नसकेको गुनासो आएको वडाध्यक्ष ब्लोनले बताए । यसअघि कार्यालय सहयोगी तामाङलाई गाउँपालिकामा हाजिर हुन पत्राचार गरेपनि उनले अटेर गरी वडा कार्यालयमै हाजिर हुने गरेको वडाध्यक्ष ब्लोनले बताए ।

२२ असारमा गाउँकार्यपालिका बैठकले करार सेवाका कर्मचारीको म्याद थप नगर्ने र १ साउनदेखि काममा नलगाउने निर्णय गरेको थियो । गाउँपालिकाले बिषयगत शाखा, कार्यालय सहयोगी, स्वास्थ्य, न्यायिक समितिमा कार्यरत् करार सेवाका कर्मचारी हटाएको हो ।

# बागमतीमा आफन्त र कार्यकर्ताको मात्रै करार सम्झौता नवीकरण गरेको आरोप




राजनीतिक प्रतिशोध साँधेर काम गरिरहेका १७ जना कर्मचारीलाई निकालिएको उनको भनाइ छ । उनले निकालिएको कर्मचारीहरु नेकपा एमाले र नेपाली कांग्रेस निकट रहेको बताए ।

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा करार सेवाका कर्मचारी हटाइएको विरोधमा पूर्वकर्मचारीहरु आन्दोलित भएका छन् ।

बागमती गाउँपालिकाको पूर्वकृषि शाखा प्रमुख अशोक ग्यालनको नेतृत्वमा कर्मचारीहरुले पत्रकार सम्मेलन गर्दै गाउँपालिका अध्यक्ष सर्केश घलानको व्यवहार प्रति कटाक्ष गरेका हुन् । उनीहरुले अध्यक्ष घलानद्वारा आफ्ना कार्यकर्ता र आफन्तको मात्रै करार सम्झौता गरेको आरोप लगाएका छन् ।

घलानले राजनीतिक प्रतिशोधको आधारमा करार सेवाका कर्मचारीको सम्झौता नवीकरण नगरेको बताए । गाउँपालिकाले करारका अधिकांश कर्मचारीहरुको करार सम्झौता नविकरण गरेको र केहीलाई भने सम्झौता गर्न रोक लगाएको जनाइएको छ ।

३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा दोस्रो पटकका लागि गाउँपालिका अध्यक्षमा नेकपा माओवादी केन्द्रबाट निर्वाचित घलानले आफ्ना र माओवादी केन्द्र निकटका करार सेवाका कर्मचारीहरुको सम्झौता नविकरण गरेको ग्यालनले बताए ।

राजनीतिक प्रतिशोध साँधेर काम गरिरहेका १७ जना कर्मचारीलाई निकालिएको उनको भनाइ छ । उनले निकालिएको कर्मचारीहरु नेकपा एमाले र नेपाली कांग्रेस निकट रहेको बताए ।

गाउँपालिकाले ३१ असारमा सूचना प्रकाशित गरेर ६९ जना करारका कर्मचारीको सम्झौता नविकरण गरेको र १७ जना कर्मचारीको सझौता नविकरण नगर्ने जानकारी गराएको थियो ।

'हामीलाई किन त्यहाँबाट बाईपास गरियो ? एउटै क्षेत्रमा काम गर्ने, एउटै क्षेत्रबाट गाउँपालिकामा प्रवेश गरेको छ । सबै करारका कर्मचारीहरु । हाम्रो नविकरण नहुने, उहाँहरुको करार नविकरण हुने ?,' ग्यालनले भने । उनले करार सम्झौता २०७८ को परिच्छेद ४ मा करार सम्झौता सम्बन्धि व्यवस्थामा कर्मचारीको कार्य सम्पदान र स्तर मूल्यांकनका आधारमा मात्र कर्मचारी हेरफेर गर्न सकिने व्यवस्था रहेको बताए ।

निकालिएका करार सेवाका कर्मचारीहरुले यसअघि गाउँपालिका अध्यक्ष घलानलाई ध्यानाकर्षण पत्र बुझाएका छन् । तर, अध्यक्षबाट सकारात्मक धारणा नआएको उनीहरुको भनाइ छ । निकालिएका १७ जना कर्मचारीहरु गाउँपालिकाविरुद्ध अदालत जाने तयारी गरेका छन् । ग्यालनका अनुसार अदालतमा मुद्दा दायर गर्ने विषयमा छलफल भइरहेको छ । मकवानपुरका अन्य गाउँपालिकाले पनि करार सेवाका कर्मचारी निकालेको छ । कैलाश र मकवानपुरगढी गाउँपालिकाले यसअघि नै कर्मचारीको म्याद थप नगर्ने निर्णय गरेको छ । यी दुवै गाउँपालिकामा अघिल्लो निर्वाचनमा एमालेले जितेको थियो भने यसवर्षको निर्वाचनबाट कांग्रेसले नेतृत्व गर्ने जिम्मेवारी पाएको छ ।

# नापतौल यन्त्र दर्ता तथा नवीकरण सुचारु



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुर उद्योग वाणिज्य संघको सहजिकरणमा बिहीवारदेखि हेटौंडामा नापतौल यन्त्रहरुको दर्ता तथा नवीकरण कार्य सुचारु भएको छ ।

नापतौल यन्त्र दर्ता तथा नवीकरणको लागि गुणस्तर तथा नापतौल कार्यालय, बीरगञ्जबाट ४ सदस्यीय टोली खटिएका छन् ।

बिहीबार ४३ वटा फर्मको नापतौल यन्त्रहरुको दर्ता तथा नवीकरण गरिएको कार्यालयले जानकारी दिएको छ । मकवानपुर उद्योग वाणिज्य संघ भवनमा रहेको हलबाट नापतौल यन्त्रको जाँच र दर्ता तथा नवीकरणको कार्य गरिएको हो । आज शुक्रबारपनि संघको भवनबाट सेवा प्रदान गरिने जनाइएको छ । कार्यालयले हेटौंडाका अन्य केही स्थान र मनहरीबाटसमेत नापतौल दर्ता तथा नवीकरण सेवा संचालन गर्ने जनाएको छ ।

हप्ता दिनको लागि गुणस्तर तथा नापतौल कार्यालय बीरगञ्जले टोली खटाएको हो । नापतौल यन्त्रहरु दर्ता तथा नविरकण गर्न मकवानपुर जिल्लाका उद्योगी/व्यवसायीहरुलाई बीरगञ्ज जानुपर्ने झन्झटलाई न्यूनिकरण गर्न एक हप्ताको लागि संघमा निम्त्याईएको मउवा संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले जानकारी दिए ।

यस अवसरलाई सदुपयोग गर्दै उद्योगी/व्यवसायीहरुले आआफ्नो व्यवसायमा प्रयोग गरिएको नापतौलका यन्त्र (ढक, काँटा, लिटर, मिटर आदी) जाँच गराई दर्ता तथा नवीकरण गर्न अध्यक्ष गुप्ताले अनुरोध गरे ।

नापतौल यन्त्र नयाँ दर्ता गर्न ३५ दिन भित्र नापतौल यन्त्र खरिद गरेको सक्कल भ्याट बिल, हुलाक टिकट, आन्तरिक राजस्व कार्यालयमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, काँटा र काँटाको क्षमताको १० प्रतिशतले हुने बराबरको ढक साथमा ल्याउनु पर्ने संघले जनाएको छ ।

नवीकरणको लागि हुलाक टिकट, गतवर्ष जाँच गरेको प्रमाण पत्र/अनुमति पत्र वा सोको प्रतिलिपि, आफ्नो काँटा र काँटाको क्षमताको १० प्रतिशतले हुने बराबरको ढक साथमा ल्याउनु पर्ने गुणस्तर तथा नापतौल कार्यालयले जनाएको छ ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**कोभिड-१९ को जोखिम पुन: देखा परेको छ ।**

**यसबाट बच्न र बचाउन:**

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयु गर्दा नाक मुख छोप्ने गरौं ।
- आफू बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहोरदोहोर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**VACANCY**

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Nursing Incharge | Staff Nurse |
| Account Officer | Pharmacy Assistant |
| StoreKeeper | Marketing Officer |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Bike/ Scooter liscense holder are preferd more.

Preference will be given to those candidates having experience in Medical Field...

**Qualification :**
Bachelors Level Completed are encouraged to apply

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to **hospital.sancho@gmail.com**

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
**Sancho Hospital Pvt. Ltd.**

**कागजात हरायो**

मिति २०७९ असार ६ गते हेटौंडा बुद्धचोकबाट राप्तीरोड जाने क्रममा मेरो निम्न ब्यहोराको रुट परमित, जाँचपास र ब्लुबुक हराएको हुँदा फेला पार्नु हुने महानुभावले तपसिलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध छ ।

**नाम**: जगदम्बा कम्पनी (ऋणी दिपक सापकोटो)
**सवारी नं.**: ना २ ह १०४३, ना २ ह १११६
ठेगाना: हेटौंडा-२, चौकीटोल
**सम्पर्क**: ९८६५१७५३५२

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**